वर्ष : १३, अंक : २१, काठमाडौं, २०७४ भाद्र १६ गते शुक्रबार 1 September 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## राजपा 'स्वायत्त मधेश प्रदेश'को मुद्दा लिएर चुनावमा जाने



काठमाडौं । संविधान संशोधनविना निर्वाचनमा सहभागी नहुने अडान लिँदै आएको राष्ट्रिय जनता पार्टी नेपालले चुनावी एजेन्डा बनाइरहेको छ । दुई चरणको निर्वाचन बहिष्कार गरेको राजपा नेपालले तेस्रो चरणमा सहभागिताका लागि आकर्षक तथा क्रान्तिकारी मुद्दाहरू उठाउने भएको छ । विगतका मधेश आन्दोलनताका जोडदाररूपमा उठाइएको स्वायत्त मधेश प्रदेश, समानुपातिक समावेशिता लगायतका मुद्दाहरू लिएर चुनावमा होमिने तयार गर्दैछ । राजपाले यी मुद्दाहरूलाई समेटेर चुनावी घोषणापत्र तयार गर्दैछ । चुनावी घोषणापत्र तयार गर्न राजपा नेपालले ६ सदस्यीय कार्यदलसमेत गठन गरेको छ । कार्यदलले संविधान संशोधनविनै निर्वाचनमा सहभागिता जनाउनुको कारणहरू र आगामी रणनीति बनाउने छ । कार्यदलमा जितेन्द्र सोनल, कौशलेन्द्र मिश्र, मनिष सुमन, केशव झा, हरिन्द्र यादव र सिपि सिंह रहेका छन् । कार्यदलले चुनावी घोषणापत्रको मस्यौदा तयार गरेर अध्यक्षमण्डललाई बुझाउनेछ र अध्यक्षमण्डलले परिमार्जन गरेर आइतबारसम्म सार्वजनिक गर्ने स्रोतले जनाएको छ ।

यसैगरी, प्रदेश नं. २ को आठवटै जिल्लामा उम्मेदवार चयनका लागि राजपाले केन्द्रीय पर्यवेक्षकहरू खटाएको थियो । पर्यवेक्षकहरूले उम्मेदवारको नामावली उच्चस्तरीय समितिलाईसमेत बुझाइसकेको छ । उच्चस्तरीय समितिले टुंगो लगाइसकेपछि अध्यक्षमण्डलले अनुमोदन गर्नेछ । राजपाले उम्मेदवारको नामावली आइतबार सार्वजनिक गर्ने महासचिव केशव झाले जनाएका छन् ।

## आयोगको प्रतिवेदनप्रति असन्तुष्टि



निर्वाचन क्षेत्र निर्धारण आयोगले बुधबार सरकारलाई बुझाएको प्रतिवेदनप्रति राष्ट्रिय जनता पार्टी नेपालले असन्तुष्टि जनाएको छ । आयोगको प्रतिवेदन तीन दल कांग्रेस, माओवादी र एमालेको मिलोमतोमा तयार पारिएकोले आफूहरूलाई मान्य नहुने राजपाका महासचिव केशव झाले बताएका छन् । उनले प्रतिवेदनमा मधेशीहरूको प्रतिनिधित्व घटाएको आरोप लगाएका छन् । प्रतिवेदन तयार पार्दा आफूहरूसँग कुनै किसिमको छलफल नगरिएको गुनासो राजपाको छ । प्रधानमन्त्री शेरबहादुर देउवालाई आयोग अध्यक्ष कमलनारायण दासले प्रतिवेदन बुझाएका हुन् । संघीय संसदका लागि १६५ र प्रदेश सभाका लागि २३० गरी प्रत्यक्षतर्फ कुल ३९५ क्षेत्रसहितको प्रतिवेदन बुझाइएको आयोगले जनाएको छ । एक नम्बर प्रदेशमा २८, २ नम्बर प्रदेशमा ३२, ३ नम्बर प्रदेशमा ३३, ४ नम्बर प्रदेशमा १८, ५ नम्बर प्रदेशमा २६, ६ नम्बर प्रदेशमा १२ र ७ नम्बर प्रदेशमा १६ निर्वाचन क्षेत्र निर्धारण गरिएको आयोगले जनाएको छ ।

## ६ जिल्लामा उम्मेदवारको टुङ्गो



काठमाडौं । संघीय समाजवादी फोरम नेपालले दुई नम्बर प्रदेशका ६ वटा जिल्लाका उम्मेदबारहरूको सूची तयार गरेको छ । स्थानीय तहको तेस्रो चरण अन्तर्गत हुन गइरहेको निर्वाचनका लागि फोरम नेपालले नगरपालिका तथा गाउँपालिका उम्मेदबारहरू चयन गरेको हो । संघीय समाजवादी फोरम नेपालका महासचिव रणध्वज कन्दङ्वाले केही स्थान बाहेक बाँकी तहमा उम्मेदबार चयन सम्पन्न भएको जानकारी दिए । सर्लाही र महोत्तरीका उम्मेदबार चाडै नै टुंगो लगाउने उनले बताए । पर्सा, बारा, रौतहट, धनुषा, सिरहा र सप्तरी जिल्लाका केही तह बाहेक सबै स्थानका लागि उम्मेदबार चयन भइसकेका छन् । भाद्र दोस्रोसाता केन्द्रीय कार्यालय तीनकुनेमा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले मेयर र उपमेयर, अध्यक्ष तथा उपाध्यक्षको सूचीलाई अन्तिम रूप दिएको छ ।

## रामेश्वर राय यादव माओवादी केन्द्रमा



सर्लाही । नेपाल लोकतान्त्रिक फोरमको सहअध्यक्ष पदबाट राजीनामा दिएका रामेश्वर राय यादव नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । बुधबार सर्लाही जिल्लाको चक्रघाटा गाउँपालिका आयोजित पार्टी प्रवेश कार्यक्रममा यादवले आफ्ना हजारौं समर्थकसहित माओवादी केन्द्रमा प्रवेश गरेका छन् । यादवसहित उनका हजारौं समर्थकहरूलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी प्रवेश गराएका छन् । पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै माओवादी केन्द्र अध्यक्ष प्रचण्डले मधेशको विकास नभएसम्म देश समृद्ध हुन नसक्ने धारणा राखेका थिए । उनले मधेशकेन्द्रित दललाई लक्षित गर्दै क्षेत्रीय पार्टीले अधिकार दिलाउन नसक्ने दाबी गरे । पार्टी प्रवेश गर्दै रामेश्वर राय यादवले मधेशवादी नेताहरूले मधेशको नाममा व्यक्तिगत फाइदा मात्र लिएको आरोप लगाए । उनले मधेशी नेताहरूले श्रीमती र सम्धिनीलाई सांसद बनाउने बाहेक मधेशी जनताका लागि कहिल्यै केही पनि नगरेको आरोपसमेत लगाए । उनले भने, मधेशी दलका नेताहरू संकीर्ण भावनाले ग्रस्त छन् । उनले संविधान संशोधन, मधेश आन्दोलनका घाइते र मृतकका परिवारलाई क्षतिपूर्ति, झुटा मुद्दा फिर्ता जस्ता कामहरू माओवादी नेतृत्वको सरकारबाट भएको दावी गरे ।

## राप्रपा प्रजातान्त्रिक कि अप्रजातान्त्रिक ?



पशुपतिशमशेर राणा

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी विभाजन गरेर पशुपतिशमशेर राणाले गठन गरेको राप्रपा (प्रजातान्त्रिक)ले चार जना मन्त्री छानेको छ । राप्रपा प्रजातान्त्रिकले छानेका मन्त्रीहरूको नाममा एक जना पनि मधेशी समुदायका छैनन् । राप्रपा प्रजातान्त्रिकको यस्तो कार्यले प्रजातान्त्रिक हो कि अप्रजातान्त्रिक भन्ने प्रश्न तेर्सिएको छ । संविधानमा रहेको समानुपातिक समावेशितालाई समेत राप्रपा प्रजातान्त्रिकले मानेको छैन । चार मन्त्री छाने पनि चार राज्यमन्त्रीको नाम छनोट गर्न नसक्दा पुन छनोटको गृहकार्यमा जुटेको छ । अध्यक्ष पशुपतिशमशेर राणाको निवासमा भएको छलफलमा चारजना मन्त्रीहरूको टुंगो लागे पनि आकांक्षी धेरै भएका कारण राज्यमन्त्रीको टुंगो लाग्न सकेको छैन । समाचार स्रोतका अनुसार सुनिल थापालाई उद्योग, दीपक बोहोरालाई वन, विक्रम पाण्डेलाई विज्ञान प्रविधि र रामकुमार सुब्बालाई शान्ति मन्त्रालय दिने गरी सिफारिस गर्ने टुंगो लागेको हो । यसैगरी, चारजना राज्यमन्त्रीमा विराज विष्ट, बबिना मोक्तान, रेशम लामा, रमेश लामा, इस्तियाक मुसलमान गरी पाँचजनाको नाम अघि सारिएको छ । राप्रपाबाट मन्त्री र राज्यमन्त्री गरी आठजना थपिएपछि वर्तमान मन्त्रिपरिषद् इतिहासकै सबैभन्दा ठूलो हुनेछ ।

# रंगभेदको पर्याय : कांग्रेस-माओवादी गठबन्धन

## रंगभेदको निरन्तरता र अखण्डताको चाहना सँगसँगै

मधेशवाणी डेस्क

काठमाडौं । वर्षौंदेखि मधेशीसँग नियतिगतरूपमा विभेद गर्दै आएका ठूला दलहरूले हालसम्म त्यसलाई निरन्तरता दिँदै आएका छन् । पटक-पटक सहमति र सम्झौता गर्दै विभेद भएको स्वीकारोक्तिसमेत गर्दै आएका ठूला दलहरूले संविधानलाई समेत उल्लंघन गर्दै आएका छन् । सबैको साझा नेपाल भन्ने तर व्यवहारमा कहींकतै देखिदैन । सरकार र तिनका निकायहरूले समावेशिताको नाममा सांकेतिकरूपमा देखाएर समग्रतामा तिनीहरूको अधिकारको हत्या गर्ने गरेको पछिल्ला केही घटनाले यसको पुष्टि गरेको छ ।

राज्यका प्रमुख अंगहरू कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र पत्रकारिताभित्रको समावेशीकरणको अवस्थालाई नियाल्दा संविधानमा जेसुकै व्यवस्था पनि अमुक समुदायलाई



शेरबहादुर देउवा

संस्थागत रूप दिने सबभन्दा मुख्य कारक नेपाली कांग्रेस नै हो । कांग्रेसकै विभेदका कारण नेपालमा मधेशवादी दलहरूको जन्म भएको इतिहास साक्षी छ । कांग्रेसले



पुष्पकमल दाहाल 'प्रचण्ड'

अधिकार विहीन समुदायको रूपमा परिभाषित गरिएका मधेशी लगायतका समूहका प्रतिनिधिहरूले न्याय पाउनेमा विश्वास गर्ने कुनै ठाँउ देखिदैन ।

**सहमति गर्ने तर लागू नगर्ने**

महिनौंसम्म अधिकारका लागि चलेको मधेश आन्दोलनलाई कांग्रेस र माओवादीले सहमति गर्‍यो तर ती सहमतिका बुँदाहरू अहिलेसम्म लागू भएको अवस्था छैन । वि.सं. २०७३ साउन १९ गते कांग्रेस-माओवादीले तत्कालीन मधेशी मोर्चासँग तीनबुँदे सहमति गरी आन्दोलनका मागहरू पूरा गर्ने वाचा गर्‍यो । सहमतिको तेस्रो नम्बरको बुँदा जुन मधेशी मोर्चाले गर्नुपर्ने थियो त्यो तत्कालै भयो तर, कांग्रेस माओवादीले अहिलेसम्म गर्न सकेका छैनन् । मधेशी आन्दोलनकारीहरूमाथि लागेको झुठा मुद्दा फिर्ता भएको छैन ।

यस्तै, सत्तारूढ नेपाली कांग्रेस र माओवादी केन्द्रले लगभग एक वर्षपछि त्यहीं मुद्दालाई सम्बोधन गर्नका लागि पुन: सहमति गर्‍यो । कांग्रेस-माओवादीले २०७४ जेष्ठ २३ गते राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमसँग तीनबुँदे सहमति गरेको थियो ।




अधिकारबाट वञ्चित गर्दै आएका छन् । वर्तमानको नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र गठबन्धनको सरकारको संरचना, सर्वोच्च अदालतका न्यायाधीश, नेपाल सरकारका सचिवहरू र सरकारी स्वामित्वमा रहेका संचारमाध्यमहरू कुनै पनि समावेशी छैन । समानुपातिक समावेशिताको नारा दिने तर, व्यवहारमा रंगभेदलाई निरन्तरता दिँदै आएका छन् । नेपाली कांग्रेसले आफूलाई प्रजातान्त्रिक पार्टी भन्दै आएका छन् भने माओवादीले परिवर्तनकारी भनाउँदै आएका छन् । नेपालमा विभेद भनौं वा रंगभेदलाई विभेद गर्‍यो भनेर विभिन्न कालखण्डमा मधेशी मूलका नेताहरूले पार्टी त्याग्दै राजनीतिक दलहरू खोल्दै आए ।

समावेशी राज्यको निर्माण अहिलेको नेपाली समाजको अपरिहार्य आवश्यकता भएको छ । नेपालको आधाभन्दा बढी जनसंख्या भएको मधेशी समुदायको सहभागीतालाई राज्यले इमान्दारीपूर्वक समावेश गरेको पाइएको छैन । मधेशकेन्द्रित राजनीति गर्ने दलहरू सत्तावादी रहेको प्रष्ट हुन्छ । न्यायपरिषद् जस्तो निकायले समावेशी अवधारणा र मर्मलाई कुल्चिदिएपछि पहिचान तथा न्यायाधीशहरूमा सर्वोच्चका न्यायाधीशका लागि योग्य हुन सक्ने मधेशी न्यायाधीशहरू नभएका होइन् । तर, भएका मधेशी न्यायाधीशहरू राजनीतिक पार्टीहरूको पहुँचबाट टाढा भएकाले उनीहरूको नामको सिफारिश भएको पाइँदैन । यी सबै प्रकरणलाई हेर्दा सरकारले समावेशी रट्दै मधेशीहरूलाई रेट्ने गरेको प्रस्ट हुन्छ । सरकार आफै विभेदकारी रणनीति अख्तियार गरेर आवाजविहीन तथा अधिकार विहिन समूहका सक्षम तथा योग्य व्यक्तिहरूको वञ्चित हुँदै आएका छन् ।

कांग्रेस र माओवादीले राजपा र फोरम नेपालसँग गरेको सहमतिको विषय र बुँदा एउटै थियो । तर, छुट्टा छुट्टा सम्झौतापत्र बनाएर हस्ताक्षर गरिएको थियो । सहमतिको पहिलो बुँदामा प्रचण्ड सरकार गठनका क्रममा भएको सहमति कार्यान्वयन गर्ने प्रतिवद्धता जनाइएको छ । दोस्रो बुँदामा सहिद घोषणा, मुद्दा फिर्ता लगायतका प्रतिवद्धता कार्यान्वयन गर्ने र स्थानीय तहको संख्या राजनीतिक सहमतिका आधारमा बृद्धि गर्ने सैद्धान्तिक सहमति भएको थियो । सहमतिमा कांग्रेसका तर्फबाट शेरबहादुर देउवा र माओवादीका अध्यक्ष प्रचण्डले हस्ताक्षर गरेका थिए ।

**बेलाको बोली** — रामसुकुल मण्डल



# बाढीपछिको पीडा...

साउन अन्तिमसाता तराई-मधेशमा परेको अविरल वर्षाका कारण आएको विनाशकारी बाढीबाट हजारौं घरपरिवार विस्थापित भए । सयभन्दा बढीको ज्यान गयो । अर्बौं-खर्बौंको धनसम्पत्ति नष्ट भए । खेतियोग्य जमिन वञ्जरमा परिणत भए । तराई-मधेशमा बाढीले मच्चाएको बबण्डरबाट त्यहाँका जनजीवन अहिले कष्टपूर्ण अवस्थामा पुगेको छ । अहिले पनि बाढीबाट मुक्ति पाउन सकेका छैनन् तराई-मधेशका जनताहरू ।

बाढीले मच्चाएको वितण्डाले पीडितहरूको यस्ता प्राकृतिक आपदा एकपटकको होइन, प्रत्येक वर्ष आउने गर्दछ । तराई-मधेशका जनता बाढी, आगलागी, शीतलहर, खडेरी लगायतका समस्याहरूबाट वर्षेनी पीडित हुने गरेका छन् । यस्ता प्राकृतिक आपत्हरूलाई रोक्न सकिदैन तर, यसबाट हुने क्षतिहरू कम गर्न अवश्य सकिन्छ ।

प्राकृतिक आपदाहरू आउँदा मानव अधिकारवादी संघसंस्था, नागरिक समाजका अगुवा, विभिन्न एनजिओ, आइएनजिओ लगायतका संघसंस्थाहरूले राहत वितरण गर्छन् । तर, यसको दीर्घकालीन समाधानका लागि कहिल्यै पनि आवाज उठाउँदैनन् । सरकारले पनि यस्ता समस्याहरूको दीर्घकालीन समाधान खोज्दैन । राहत वितरण गरेर आफ्नो दायित्व पूरा भएको ठान्छन् ।

**मरूभूमीकरण बन्दै मधेश**

नेपाल कृषि प्रधान देश भन्ने चिनिन्छ तर, कृषियोग्य जमीन बाढीले बगाएर लैजाने गरेको छ । नेपालको आधा अर्थात् १ करोड १७ लाख भन्दा बढी नेपालीको बसोबास र जीविकाको



साधन कृषि खतरामा पर्दै गइरहेको छ । कृषियोग्य जमीनको मलिलो माटो बाढीले बगाएर लैजाँदा दिनप्रतिदिन मरूभूमिकरणमा परिणत हुँदै गइरहेको छ । नेपालको ५५ प्रतिशत खेतीयोग्य जमिन खतरामा पर्दै गइरहेको छ । नेपालको ६० प्रतिशत अन्न फल्ने ठाउू मासिदै जानुले पनि मधेश मरूभूमिकरण हुने विज्ञहरूको भनाई छ । विज्ञका अनुसार नेपालको कुल कृषि उत्पादनको झण्डै ५० प्रतिशत योगदान दिने ठाउँ मधेश खतरामा रहेको छ ।

तराईको डुबान समस्या सदाको समस्या बनेको छ । यो प्राकृतिक भन्दा पनि मानव सिर्जित छ ।

बाढीले नेपालको मधेश क्षेत्रमा गम्भीर असर परे पनि यो मधेश वा नेपालको मात्र नभएर भारतको पनि समस्या हो । बाढी बगेर जाने भारततर्फ नै हो । त्यसैले प्राकृतिक रूपमै जलनिकास व्यवस्थित गरी दुवैतर्फको क्षति रोक्ने सम्भावित उपायहरूको खोजी नेपाल-भारत दुवैतर्फबाट हुन् आवश्यक छ । यस निम्ति नेपालतर्फबाट विशेष पहल हुनु आवश्यक छ । बाढी पहिरोजस्ता समस्या प्राकृतिक घटना हुन् तर यिनबाट हुने क्षति न्यूनीकरणका उपायहरू अवलम्बन गर्न सकिन्छ । डुबान क्षेत्रका बस्तीलाई स्थानान्तरण गर्न, पहिरो मुनिका गाउँलाई अन्यत्र सार्न प्रभावकारी रूपमा लागिनुपर्छ ।

नेपालका धेरै नदीहरू अन्तर्राष्ट्रिय प्रवृतिका छन् । अर्थात, एकदेशबाट अर्को देशमा फिजिएका छन् । भनेपछि नदीका विषय र कामहरू अन्तर्राष्ट्रिय नियमअनुसार हुने गर्छन् । कोशी ब्यारेजमा नेपाल र भारतको ज्वाइन्ट कमिटी छ । जसमा दुवै देशका प्राविधिकहरू हुन्छन् । कोशीका साथै पटना र काठमाडौं पनि छन् संयुक्त प्राविधिक । उनीहरूले संयुक्त रूपमा हरेक निर्णय लिन्छन् । बाढीका बेला नदीका ढोका खोल्दा दुवै पक्षले हिसाबकिताब गरेर निष्कर्षमा पुगेर निर्णय गर्छन् । उनीहरूले के गर्दा कमभन्दा कम क्षति हुन्छ भन्ने कुरा संयुक्त रूपमा निर्णय लिन्छन् । यो देशमा बढी र यो देशमा कम क्षतिभन्दा पनि समग्रमा कम क्षतितर्फ ध्यान दिइन्छ । त्यही बमोजिम उनीहरूले गरिरहेका छन् । थाहा नपाउनेहरू यो र त्यो भनिरहेको जलस्रोत विज्ञको भनाई छ ।

दीर्घकालीन समाधान

बाढी समस्याको दीर्घकालीन समाधानका उपाय हुन आवश्यक छ । यसको लागि एकल प्रयासभन्दा नदीको सम्पूर्ण बेसिन क्षेत्रमा पहल हुन आवश्यक छ । नदीहरूमा वर्षाको पानी जम्मा गर्ने गरी जलाशयहरूको निर्माण, एकीकृत रूपमा तटबन्धको निर्माण, नदी घाँटीमा बस्ती व्यवस्थापन, जोखिम व्यवस्थापन, प्रकोपसम्बन्धी पूर्व सूचना प्रवाह, पीडितहरूलाई पुनर्स्थापन जस्ता कार्यहरू हुन सकेमा दीर्घकालीन रूपमा जल उत्पन्न प्रकोप व्यवस्थापन हुन सक्छ । हालको परिस्थितिमा यी सब कुरा हुने सम्भावना भने देखिँदैन ।

हजारौं विस्थापित भएका छन्, व्यापक भौतिक क्षति भएको छ, यस सन्दर्भमा घाइतेको तत्काल उपचार, पीडितको उद्धार र राहत उपलब्ध गराउनेलगायतका विषयमा सरकारको कुनै ठोस नीति देखिएको छ । यो समस्या समाधान गर्न नेपाल सरकारका तर्फबाट उचित एवं प्रभावकारी नीति, कार्यक्रम र निर्णय गरी तत्काल कार्य गर्न अत्यावश्यक भएको छ ।



# सम्पादकीय



## निर्वाचनको सदुपयोग गरौं

स्थानीय तहको तेस्रो चरणको निर्वाचन यहि असोज २ गते प्रदेश नं. २ का आठवटै जिल्लामा हुन गइरहेको छ। सुखद पक्ष के हो भने राष्ट्रिय जनता पार्टी नेपाल पनि निर्वाचनमा भाग लिने निर्णय सकेको छ। भयरहित, स्वस्थ्य र स्वच्छ निर्वाचनका निमित्त निर्वाचन आयोग र सरकारका अन्य पक्षले आफ्नो कार्य थालिसकेको छ भने संचार अनुगमन गर्न प्रेस काउन्सिल नेपालले विशेष टोलीसमेत परिचालित गरिसकेको छ। सबै पक्ष र क्षेत्रको ध्यानकेन्द्रमा रहेको यो निर्वाचन अलि विशिष्ट खालको हुनेछ। हालसम्म सम्पन्न दुई चरणको निर्वाचनमा जेजस्तो परिणाम देखिएपनि स्थानीय निर्वाचनमा ठूलो पार्टी कुन हुने निर्क्योल प्रदेश नं. २ को निर्वाचनबाट नै हुनेछ।

> स्थानीय तहको तेस्रो चरणको निर्वाचनको अधिकतम् सदुपयोग गर्न विशेषत: मधेशकेन्द्रित दलले सक्रियता देखाउन सक्नुपर्छ। निर्वाचनको माध्यमले आफ्नो अवस्था, व्यवस्था र बाध्यताहरू जनताबीच पस्किनुको साथसाथै नयाँ योजना र विश्वास पाउन पनि निर्वाचनको सदुपयोग गर्न जरूरी छ।

त्यसैले, स्थानीय निर्वाचनमा ठूलो पार्टीको रूपमा स्थान बनाउनका लागि ठूला दलहरूले आफ्ना सम्पूर्ण शक्ति प्रदेश नं. २ मा नै केन्द्रित गरेका छन् भने ठूला दलका शीर्ष नेताहरूले अहिले अभियान नै चलाएका छन्। यता, प्रदेश नं. २ मा राम्रो पकड भएको राजपा नेपाल र फोरम नेपालले पनि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। पहुँच, प्रभुत्व, प्रमाणिकताका निमित्त पनि दलबीच प्रतिस्पर्धा छ। आन्तरिक रूपमा टिकट पाउन देखि विजीत हुने रणनीतिसम्म तयार पार्दैछन् उम्मेदवारहरू। दु:खद पक्षको रूपमा हेर्दा मधेशका महिला, थारू, मुस्लिम लगायतका जात/समूहलाई न्यायोचित रूपमा उम्मेदवारी दिने टिकट पाउने सम्भावना न्यून छ। दलीयता, जातीयता र द्रव्यीकताले टिकट चयनमा प्राथमिकता पाउने भएकाले स्थानीय तहको निर्वाचन त्यागी, इमान्दार र कर्मठ उम्मेदवारभन्दा पनि स्वजातीय, धनी र व्यापारीको हिताय परिणाम निस्किन सक्छ।

खर्च गर्न सक्ने, बाँडेर खाने र 'भुजबल' भएकाहरूले प्राथमिकता पायो भने स्थानीय तह संरचनाको मूल आयाम नै बदनाम हुन पुग्छ। जनताले जाति, धर्म, वर्ग, समुदाय र दलका आधारमा सेवा वा पीडा पाउने अवस्थाको निर्माण भयो कालान्तरमा स्थानीय तह, प्रदेश वा गणतन्त्रप्रति नै नैराश्यता बढ्न सक्छ।

राम्रो र विकास पक्षीय उम्मेदवार चयन गर्ने जिम्मेवारी दल र मतदाताले बहन गर्न सक्यो भने स्थानीय सरकारले जनताको जीवन सुखद बनाउँदै जान्छ। गणतन्त्रको मूल मर्मअनुसार नागरिक लाभान्वित हुँदै जान्छ।

स्थानीय तहको तेस्रो चरणको निर्वाचनको अधिकतम् सदुपयोग गर्न विशेषत: मधेशकेन्द्रित दलले सक्रियता देखाउन सक्नुपर्छ। निर्वाचनको माध्यमले आफ्नो अवस्था, व्यवस्था र बाध्यताहरू जनताबीच पस्किनुको साथसाथै नयाँ योजना र विश्वास पाउन पनि निर्वाचनको सदुपयोग गर्न जरूरी छ।

## साताको सात बात



निर्वाचनले राजनीतिक स्थायित्व र संविधान कार्यान्वयनसँगै समृद्धिको बाटोमा देश अगाडी बढिसकेको छ। अहिले निर्वाचन नै प्रमुख राजनीतिक मुद्दा हो, निर्वाचन पछि देशमा राजनैतिक मुद्दा समाप्त हुन्छन् र देश विकासका मुद्दामा अगाडी बढ्छ। – **शेरबहादुर देउवा (प्रधानमन्त्री)**



देशमा कुनै पनि भागमा जान कसैलाई कसैले रोक्न सक्दैन। रोक्न खोज्नु असंवैधानिक र गैरकानूनी हो। राजपाका नेताहरूले निषेधको राजनीति जो गरिरहनु भएकोछ, त्यो राम्रो भएन। – **केपी शर्मा ओली (अध्यक्ष, नेकपा एमाले)**



क्षेत्रीय पार्टीले अधिकार दिलाउन सक्दैन। अतिवादीले मधेशमा माओवादीलाई कमजोर बनाउने प्रयास गरे पनि अतिवाद धेरै दिन टिक्दैन। – **पुष्पकमल दाहाल 'प्रचण्ड' (अध्यक्ष, नेकपा माओवादी केन्द्र)**



मधेशमै जन्मेको तथा मधेशमै हुर्केको पार्टी मधेशविरोधी कसरी हुन सक्छ ? दुई चरणको स्थानीय तह निर्वाचनजस्तै तेस्रो चरणमा पनि एमाले पहिलो शक्ति बन्छ। – **माधवकुमार नेपाल (वरिष्ठ नेता, नेकपा एमाले)**



चुनावी कार्यक्रम विथोल्ने र अवरोध तथा निषेध गर्ने कार्यमा उम्मेदवार प्रत्यक्ष संलग्न भएको पाइमा उम्मेदवारी रद्द हुन पनि सक्छ। जनकपुर लगायतका ठाउँमा एमालेमाथि भइरहेको अवरोधका घटनाबारे आयोगले छानविन गरिरहेको छ। – **डा.अयोधिप्रसाद यादव (प्रमुख निर्वाचन आयुक्त)**



मधेशवादी नेताले श्रीमती र सम्धिनीलाई सांसद बनाउनेबाहेक मधेशी जनताका लागि कहिल्यै केही गरेनन्। मधेशको नाममा व्यक्तिगत फाइदा मात्र लिए। – **रामेश्वर राय यादव (नेता, नेकपा माओवादी केन्द्र)**



भू-राजनीतिक अनुकूलताका बाबजुद पनि काठमाडौंले चुनावी रौनकमा भुलिरहेको मधेशको उकुस-मुकुसलाई चिन्न चुक्नु हुँदैन। निश्चित रूपमा तेस्रो मधेश आन्दोलनलाई काठमाडौंले एक प्रकारबाट मानमर्दन नै गऱ्यो।
– चन्द्रकिशोर (राजनीतिक विश्लेषक)

*प्रस्तुती : संगीता रेग्मी*

# संशोधन असफल हुनु सरकारको असफलता



**ललित कुमार यादव**

> अहिले सदनको सबभन्दा ठूलो र तेस्रो ठूलो दल समेत मधेश मुद्दाको समर्थनमा उभिन आइपुगेको छ। ९० प्रतिशत संसदको समर्थन प्राप्त संविधानको संशोधनको पक्षमा ५५ प्रतिशतभन्दा बढी मत प्राप्त हुनु नै संशोधन आवश्यक रहेको प्रमाण हो।

संविधान संशोधनको विषय प्रधानमन्त्री प्रचण्डकै कार्यकालदेखि नै चर्चा र बहसमा रहेको थियो। सत्तापक्षले पारित गराउने ठोकुवा पनि गर्दै आएका थियो। अहिले आएर संविधान संशोधनको प्रस्ताव सदनबाट अस्वीकृत भैसकेको छ। संविधानको दोस्रो संशोधनको प्रस्ताव असफल हुन पुगेको छ। संविधान संशोधन भएदेखि नै असन्तुष्ट रहेको मधेशको असन्तुष्टि सम्बोधन हुन सकेन। मधेशको मागहरू पुरा नभएसम्म मधेशले आफ्नो अधिकार खोज्ने क्रम निरन्तर चलि नै रहनेमा कुनै शंका छैन। असन्तुष्टि सम्बोधन नगरी मधेशको आक्रोशलाई शान्त गर्न सकिदैन।

संशोधन असफल भएपनि प्रदेश नं. २ को स्थानीय तहको निर्वाचन हुने निश्चित प्राय: भएको छ। यस अघि संशोधन विना निर्वाचनमा सहभागी नहुने अडानमा राजपा रहेको थियो। अहिले सदनको नतिजालाई स्विकार गर्दै निर्वाचनमा सहभागी हुने निर्णयमा पुगेको छ। यसले प्रदेश नं. २ मा कायम रहेको आन्दोलनको अवस्थाको अन्त्य गरेको छ। यद्यपी मधेशमा राजनीतिक स्थिरता कायम भएको भ्रम पाल्नु हुँदैन। राज्यप्रति मधेशको आक्रोश र अविश्वासमा बढोत्तरी भएकोमा कुनै शंका छैन।

संविधान घोषणा हुने बेलामा नै मधेशकेन्द्रित दलहरूले असन्तुष्टि जनाएका थिए। मधेशकेन्द्रित दलहरूले संविधानप्रति अपनत्व ग्रहण गर्न सकेका थिएनन्। संविधान घोषणा भएको २ वर्ष पुरा हुन लाग्दा समेत मधेशको असन्तुष्टिको सम्बोधन हुन सकेको छैन। मधेशको असन्तुष्टि सम्बोधन गर्नु राज्यको दायित्व हो। राज्यले मधेशको असन्तुष्टि सम्बोधन गर्नैपर्छ। मधेशको असन्तुष्टि सम्बोधन नगरी मुलुकमा राजनीतिक स्थिरता कायम हुन सक्दैन। संविधान घोषणा गर्ने बेलामा ठूला दलका शीर्ष नेताहरूले असन्तुष्टि सम्बोधन गर्न जनाएको प्रतिवद्धता बिर्सिनु गलत हो। बिर्सिनु हुँदैन थियो।

सरकारले राष्ट्रिय सभाको प्रतिनिधित्व, वैवाहिक अंगिकृत नागरिकता, भाषा र प्रदेशको सीमाङ्कनमा आयोगको क्षेत्राधिकार सहितको विषयमा संविधान संशोधन प्रक्रिया अगाडि बढाएको थियो। संशोधनको पक्षमा दुई तिहाई मत पुऱ्याउन नसक्दा संशोधनको प्रस्ताव असफल भयो। मतदानअघि नै संशोधन प्रस्ताव असफल हुने निश्चित भैसकेको थियो। सत्तापक्षसँग दुई तिहाइ मत नरहेको तथ्य सबैलाई थाहा थियो। असफल हुने गरी सरकारले संशोधन प्रस्ताव निर्णयार्थ पेश गरेर राजपालाई निर्वाचनमा जाने बाटो खोलेको मात्र हो। राजपा पनि यसलाई निर्वाचनमा जाने सेतुको रूपमा प्रयोग गर्न खोजेको देखिन्छ।

संशोधनको अडान लिँदै आएको राजपा यहि अडानका कारण यस अघिको दुई चरणको निर्वाचनमा सहभागी भएन। यसले गर्दा राजपाको स्थानीय स्तरको नेता कार्यकर्तामा विचलन आउनु स्वाभाविक नै थियो। यसले उसको संगठन पनि कमजोर हुन पुगेको छ। यस्तोमा प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनमा सहभागी हुनुपर्ने राजपाको बाध्यता हो। राजपालाई निर्वाचनमा जाने वातावरण चाहिएको थियो। त्यहि वातावरण बनाउने काम सरकारले गरेको छ।

रापजाले जति जोरबल गर्दा पनि सम्पूर्ण मधेशको स्थानीय तहको निर्वाचन सार्न सकेन। राजपाको विरोधले प्रदेश नं. २ को निर्वाचन मात्र सऱ्यो। निर्वाचन सरेको अवधिमा संशोधनको लागि आवश्यक दुई तिहाई बहुमत पुऱ्याउन नसकेको हो कि पुऱ्याउनै नखोजेको हो ? यो प्रश्नले भविष्यमा पुष्ट्याई सहितको उत्तर पाउने नै छ। संशोधन नहुने र राजपा निर्वाचन बाहिष्कार गर्दै जाने क्रमले राजपा र मधेश मुद्दालाई नै घाटा पुऱ्याउने थियो। राजपाले संशोधनको विषयलाई राजनीतिक मुद्दा बनाएर निर्वाचनलाई सदुपयोग गर्न सक्नु पर्छ। सरकारले संशोधन बाहेकका मन्त्रिपरिषदबाट संशोधन गर्न सकिने मागहरू सम्बोधन गर्न ढिलाई गर्नु हुँदैन। सरकारले मधेशको असन्तुष्टि सम्बोधन गर्न खोजेको प्रमाण दिन आवश्यक छ।

अन्तत: राजपा संशोधन विनै निर्वाचनमा सहभागी हुनुपर्ने बाध्यात्मक अवस्थामा आइपुगेको छ। राजपा निर्वाचनमा जानुको विकल्प छैन। राजपा संशोधन प्रस्ताव पारित गराउन असफल भएकै हो। यसमा कसैको फरक मत हुन सक्दैन। तर प्रस्ताव माथि सदनमा छलफल हुनु र मतदानसम्म पुऱ्याउनु राजपाकै सफलता हो। राजपाकै अडानका कारण सरकारले संशोधन प्रस्तावलाई मतदानमा लगेको तथ्यलाई नकार्न मिल्दैन र राजपा यसअघि नै निर्वाचनमा सहभागी भैसकेको भए संशोधन प्रस्ताव माथि छलफल पनि हुन सक्थ्यो। राजपा निर्वाचनमा सहभागी नभएर आफ्नो संगठनलाई केहि हदसम्म क्षति पुऱ्याएर भएपनि संशोधनमा मतदान गराउन सफल भएको कुरा बिर्सनु हुँदैन। यसरी राजपाले मधेशमा व्यापक असन्तुष्टि रहेको र असन्तुष्टि सम्बोधन नगरी नहुने सन्देश दिन सफल भएको छ। राजपा मधेश मुद्दाप्रति समर्थन बढाउन र मुद्दालाई जिवित राख्न सफल भएकै हो।

प्रक्रिया पुऱ्याएर आएको नतिजा स्विकार्न सक्नु पर्छ। यो लोकतन्त्रको गहना पनि हो। त्यसमा पनि सदनमा भएको मतदानबाट आएको नतिजा स्विकार नगर्ने सोच्नु पनि हुँदैन। कसैले सोचन पनि सक्दैन। तर हरेक विषयवस्तुलाई पक्ष र विपक्षमा विभाजित गर्नुलाई उचित मान्न सकिँदैन। संशोधनमा सत्तापक्ष र विपक्षी विभाजित हुनु हुँदैन थियो। स्मरण रहोस् संविधान सभामा विपक्षीको भूमिकामा कोही थिएन। संशोधनबाट मधेशका केही मागहरू पुरा हुन गइरहेको बेलामा सत्तापक्ष र विपक्षीको खेल हुनु हुँदैन थियो। त्यसमा केहि थपघट गर्नुपर्ने थियो भने सरकार र विपक्षी दुवै छलफलको लागि तयार हुन सक्नुपर्थ्यो। गहन छलफलको आवश्यकता थियो। प्रयास कसैबाट भएन। पास गराउने र पास हुनै नदिने नीति र रणनीतिका कारण संशोधन प्रस्ताव असफल भयो। निकास दिनु पर्छ भन्ने सोचाइ नै भएन। यसले मधेशको राजनीतिलाई स्थिरताको अवस्थामा जानबाट रोक लगाएको छ। राजनितिक दलहरूको यो कदम सहि हुँदै होइन।

संशोधन प्रस्ताव सदनबाट अस्विकृत हुँदैमा मधेश मुद्दाले निकासै पाउन नसक्ने सोच्नु हुँदैन तर अहिलेको सदनबाट चाँही मधेशको मागहरू पुरा गराउन सदनमा उपस्थित बढाउनुको विकल्प छैन मधेश केन्द्रित दलहरूसँग। तर मधेश केन्द्रित दलहरू एकजुट हुने साइत कहिले जुर्ने हो भन्न सजिलो छैन। मधेश केन्द्रित दलहरू एकजुट भएर मधेशको मुद्धा बोकेर निर्वाचनमा जाने हो भने सजिलै मधेश मुद्दाले निकास पाउन सक्छ। यसको लागि मधेशकेन्द्रित दलका नेताहरू सच्चिन अति आवश्यक छ।

मधेशले खोजेको समानता, स्वाधिनता र समृद्धि मात्र हो। मधेशकेन्द्रित दलहरूले खोजेको पनि यहि हो तर दुर्भाग्य नै भन्नु पर्छ मधेश केन्द्रित दलहरूको संगठन भित्रै यसको व्यापक कमि रहेको छ। राज्यको व्यवहार र शैली ठिक भएर भनेर कराउन नछोड्ने तर आफ्नो व्यवहार र शैली पनि परिवर्तन गर्न नसक्नु मधेश केन्द्रित दलहरूको ठूलो कमजोरी हो। सर्वप्रथम मधेश केन्द्रित दलहरू समावेशी हुन जरूरी छ। मधेश केन्द्रित दलहरूको दृष्टि मधेशको दलित र पिछडिएको वर्गसम्म पुग्न जरूरी छ। मधेका दलित र पिछडा वर्गको समृद्धि वेगर मधेशको समृद्धि सम्भव छैन।

सरकारले संशोधन पारित गराउन खोजेको देखिएता पनि असफल भयो। सरकारले सदनमा लगेको प्रस्ताव सदनबाट अस्विकृत हुनु भनेको सरकारको असफलता हो। नैतिक रूपमा सरकारले यसको जिम्मेवारी लिनबाट पछि हट्न मिल्दैन। सरकार असफल नभएको भए सरकारले प्रधानमन्त्रीको निर्वाचनमा पाएको मत घट्ने थिएन। अहिले सदनको सबभन्दा ठूलो र तेस्रो ठूलो दल समेत मधेश मुद्दाको समर्थनमा उभिन आई पुगेको छ। ९० प्रतिसत संसदको समर्थन प्राप्त संविधानको संशोधनको पक्षमा ५५ प्रतिशत भन्दा बढी मत प्राप्त हुनु नै संशोधन आवश्यक रहेको प्रमाण हो। संशोधनमा मतदान हुनु नै राजपाको सफलता हो।

*lkskeshariaaryan@gmail.com*

# रोक्नैपर्छ बालविवाह



**राकेश प्रसाद चौधरी**

अभिभावकको सहमतिमा भएको बालबिवाहलाई सामाजिक मान्यता दिइने तथा केटाकेटीले आफ्नो इच्छाले गर्ने बालबिवाहमा पंचले भोजभतेर गराउने अथवा अपहरण, शरीरबन्धक, जबरजस्ती करणीजस्ता मुद्दाका लागि दबाब दिने गरिन्छ। फुल्काहा गाउँमा १४ वर्षीय बालिका र १६ बर्षीय बालक बीच प्रेम विवाह हुँदा पंचहरूले केटाकेटीका अभिभावकबाट जरिवाना लिएर समाजिक स्विकृती दिएका थिए। जिल्ला प्रहरी कार्यालयले ईलाका प्रहरी कार्यालय गौशालामार्फत यस बिषयमा कारबाही थालेपनि यसको चर्चा त्यतिकै सेलाएको छ।

पहिला अभिभावकले मात्रै बालबिवाह गराउने गरेको भएपनि अहिले स्वयं बालबालिकाले भागेर बिवाह गर्ने गरेको घटनाहरू बाहिर आउने गर्दछ। समयमै यस समस्याको समाधान गर्न विद्यालय एवं समूदायस्तरमा प्रजन्न स्वास्थयको बिषयमा चर्चा थाल्नुपर्ने फुलहट्टाकी कामनी चौधरीले बताइन्। महोत्तरी जिल्लामा २०६८ को जनगणना अनुसार एक लाख ७३ हजार ८०३ बिबाहित महिला मध्ये १० बर्षमुनिका १५ सय २७, १० देखि १४ बर्षमुनि ३४ हजार २७४ तथा १५ देखि १९ बर्षमुनि एक लाख १० हजार ५८९ छन्। बिवाह भएको बर्षदिनमा छोरा नजन्मिए महिलामाथि अर्को हिंसाको श्रृखला शुरू हुँदै जाने गरेको बिभिन्न अध्ययनले देखाएको छ।

एकहरिया गाउँमा केही महिना अगाडि भएको एउटा बालबिवाहमा डाम्हीमडैका सन्तोष दास र उनका पारिवारिक सदस्यहरूमाथि बालिकाकी आमाले छोरीलाई अपहरण, बालविवाह र जबरजस्ती करणी भएको उजुरी प्रहरीमा दिएकी थिइन्।

बालबिवाहकै कारण श्रीमानश्रीमतिबीच समान्य कुराहरूमा समस्या आउने र जीवन प्रभावित हुने गर्दछ। एक बर्षमा महिला हिंसासँग सम्बन्धित ३०४ उजुरी मध्ये २९ वटामा नागरिकता र बच्चाको जन्मदर्ता बनाइदिन माग गरिएको प्रहरीले जनाएको छ। बालबिवाह भएकै कारण समयमै नागरिकता बनाउन श्रीमान र ससुरापक्षले आनाकानी गर्ने गरेको समेत देखिएको छ।

बालबिवाह रोक्न सामाजिक, आर्थिक र सांस्कृति क्षेत्रमा कामगर्नेहरूबीच समन्वय नभए समस्या यथावत रह्ने मानव अधिकार रक्षक संजालका संयोजक अजय साहले बताए। बालविवाहलगायतका बिभिन्न कारणले विद्यालयबाहिर रह्नेहरूको संख्यापनि उत्तिकै छ। सरकारी तथ्याङ्क अनुसार पाँच देखि १६ बर्ष उमेरका छ लाख २९ हजार ७६ बालिका विद्यालयबाहिर छन्। त्यसमध्ये विद्यालयबाहिर रह्ने धेरै बालिका राजधानी काठमाण्डौ, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, बारा, सिरहा, पर्सा, सप्तरी, कलिवस्तु, रूपन्देही, सुनसरी, मोरङ्ग, बाँके, कैलाली जिल्लामा छन्।

शिक्षाविद डा.विद्यानाथ कोइरालाले बिभिन्न सार्वजनिक कार्यक्रमहरूमा आमालाई पढाइदियो भने फेरी तिम्रो बच्चा विद्यालय पठाउ भनेर घरघरै जानुपर्ने अवस्था नआउने तथा त्यस्ता अभिभावकलाई राज्यले अर्थोपार्जनका लागि काम दिनुपर्ने धारणा राख्दै आएका छन्।

डा.पिकी साहले भनिन,'बालबिवाहले शारीरिक मात्र नभई आर्थिक र मानसिक समस्या समेत निम्याउने गर्छ। कम उमेरमा आमा बन्नेहरूको ज्यान समेत जोखिममा हुन्छ। त्यसैले २० बर्षपछि आमा बनेमा बच्चा पनि स्वस्थ रहन्छ।' कम उमेरमा आमा बन्नेहरूलाई शल्यक्रियाबाट प्रसुती गराउनुपर्ने बाध्यता रह्ने गरेको चिकित्सकहरूले बताउने गरेका छन्।

बालबिवाह गराउनमा अभिभावक, किशोरकिशोरीहरू स्वयं तथा विवाहको चाँजोपाँजो मिलाउने पुरोहित एवं बिचौलियाहरूलाई यसमा ध्यान दिनुपर्ने धारणा रेडियोकर्मी दिपिका साहको छ। उनी भन्छिन्,'विद्यालयमा बिवाहित छात्रछात्राको जानकारी लिई त्यस्तालाई आमाबाबु बन्ने उमेरको बारेमा थप कक्षा दिनुपर्छ। समुदायमा रहेका अगुवा व्यक्ति तथा बिद्यालयमा शिक्षकशिक्षिकाले बालबिवाह रोक्न महत्व भूमिका खेल्न सक्छन्।'

महोत्तरीमा अहिले विश्वशिक्षा, युनिसेफ, रेस्टलेस, शिक्षा अभियानसहितका बिभिन्न संघसंस्थाहरूले विद्यालयबाहिर रहेकी किशोरीहरूलाई विद्यालयमा पुन: पठाउने अभियान थालेका छन्। हुनत: अहिले प्रत्येक माध्यमिक विद्यालयमा छात्राको संख्या नै अधिक छ। समाजशास्त्री नागेन्द्र दुवेले किशोरीसँगै विद्यालयबाहिर रहेका किशोरहरूको लागि समेत अनौपचारिक कक्षाहरू चलाउनुपर्ने बताए।

विद्यालयमा विद्यार्थीको नियमितताका लागि शिक्षक, अभिभावक र विद्यार्थी केन्द्रित कार्यक्रम गरिए समस्याहरू समाधान हुँदै जाने तथा बाहिर रहेका बालबालिका पढाईमा निरन्तरता दिंदा बालविवाहको समस्या पनि हराउने जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक एवं अनौपचारिक शिक्षाका फोकल पर्सन अरूण शंकर पाठकले जिकिर गरेका छन्।

विपन्नता वा गरिबी निवारणका कारण मात्र नभई अहिले बैदेसिक रोजगारबाट बढेको सम्पन्नताले समेत बालविवाह बृद्धि गरेको छ। साक्षरतामा रहेको कमी र आर्थिक सम्पन्नता उन्मुखताका कारण समूदायमा अझैसम्म यस्तो विवाह मान्य हुने गरेको पाइन्छ। बालविवाह गर्ने र गराउनेलाई दण्ड,जरिवाना र कैदको ब्यबस्थाबारे अझैसम्म समूदाय जानकार छैनन। जानकार भएपनि यस्ता कानूनको बेबास्ता गरिरहेका छन्।

गौशाला नगरपालिका क्षेत्रमा गरिएको एक अध्ययनले बालविवाह भोगेका आमाहरूको अधिकांश छोरीले बालविवाहको पीडा भोग्न बाध्य छन्। अधिकारकर्मी सबिता झा भन्छिन्,'बैदेसिक रोजगारमा रहेका पुरूषहरूले जब छिमेकीको छोरी भागेको खबर सुन्नछन्, लगत्तै १२/१३ बर्ष नाघेकी आफ्नी छोरीको बिवाहका लागि घरपरिवारलाई आग्रह र आदेश दिन शुरू गर्न थाल्छन्। बिदेशमा कमाएको पैसा दाइजोमा खर्च गर्न कुनै सीमाले समेत बाँध्दैन।'

धनुषा जिल्लामा सन् २००८ मा नवलकिशोर यादवले गरेको एक अध्ययनले ४५ प्रतिशत अभिभावकले छोराछोरीको बालविवाह गराएको निष्कर्ष निकालिएको थियो। सन् २००९ मा गोबिन्द सुवेदी र राजुकुमार द्ववेदीले नेपाल हेल्थ रिसर्च काउन्सिलको लागि गरेको एक अध्ययनले १० देखि १४ बर्षका दुई प्रतिशतले बालविवाहको अनुभव गरेको देखाएको छ। स्वास्थ्य संस्थामा आएकाहरूलाई केन्द्रित गरि यो अध्ययन गरेको देखिएको छ। हुनत: सन् २००६ स्वास्थ्यसँग जोडिएको एक सर्बेक्षणले ५० प्रतिशत बालिकाहरूले कम उमेरमा बिवाह हुने गरेको तथा त्यसमध्येका ४० प्रतिशतले पहिलो बच्चा १५-१९ बर्षभित्रमा पाउने गरेको देखाएको थियो। महोत्तरीमा २०६८ को जनगणना अनुसार एक लाख ११ हजार तीनसय १६ घरपरीवारमा छ लाख २७ हजार पाँचसय ८० जनसंख्या रहेको छ जस मध्ये महिलाको संख्या तीन लाख १६ हजार पाँचसय ६४ छ भने पुरूषको संख्या तीन लाख ११ हजार १६ छ। महिलाको अनुपातमा ९८.२५ प्रतिशत छ भने जनघनत्व ६२६ प्रति बर्ग कि. मी. रहेको छ।

# चुनावमा जाने राजपाको निर्णय सही छ

राजपाको पनि आफ्नो दृष्टिकोण छ । त्यसैले को गलत, को सही भन्ने कुरा भनिहाल्ने अवस्था छैन । एक हदसम्म राजपाको भनाइ ठिक छ । राजपाका मागहरू सरकारले स्वीकार गरेको छ । यसकारण यो कदम ठिक जस्तो हो । अरू दललाई पनि संविधान संशोधनको पक्षमा ल्याउन राजपा सफल भयो । यसलाई राजपाको राजनीतिक जित पनि भन्न मिल्छ ।



**डा. सुरेन्द्र लाभ**
**राजनीतिक विश्लेषक**

**० राष्ट्रिय जनता पार्टी तेश्रो चरणको चुनावमा सहभागिता जनाउनुलाई कुन रूपमा लिनुभएको छ ?**

– राजपा चुनावमा जानुपर्ने कारणका विभिन्न आयामहरू छन् । राजपासँग चुनावमा जानुपर्ने विकल्प मात्र थियो । राजपा संविधान संशोधन हुनुपर्छ भनेर अगाडि बढेको थियो । तर, एक किसिमले असफल भयो । राजपासँग दुई वटा मात्र विकल्प बाँकी थिए । एउटा, चुनावलाई बहिष्कार गर्ने र अर्को चुनावलाई स्वीकार गर्ने । बहिष्कार गर्दा पनि अप्ठयारो थियो । जसरी संविधान संशोधन प्रस्ताव फेल भयो । यसलाई हेर्ने हो भने चुनावमा जाने राजपाको निर्णय कम हानीकारक देखिन्छ । हो, अहिले संविधान संशोधन हुन सकेन । त्यसैले असन्तुष्टि हुनु स्वभाविकै हो । तर, चुनावमा जानु राजपाका लागि कम रिक्स छ । खासमा यो संविधान ९० प्रतिशतभन्दा बढी सांसद्ले बनाएको भनेर भनिएको थियो । तर, हालै संविधान संशोधनमाथि परेको मतले यो दाबीलाई गलत सावित गरिदिएको छ । यो संशोधन प्रक्रिया असफल भएपछि एक किसिमले राजपाको सफलता नै मान्नुपर्छ । अर्को कुरा, राजपा यदि चुनाव बहिष्कारको रणनीति लिएको भए मतदाता अन्यत्र जाने सम्भावना थियो । कार्यकर्ता एताबाट उता जाने रिक्स थियो । दोश्रो चरणको कुरा गर्ने हो भने त्यसबेला पनि राजपाका केही नेताले उम्मेदवारी दिएका थिए । केही यताबाट उता गए । त्यति मात्र होइन, पार्टीभित्र पनि असन्तुष्टि व्यापक थियो । त्यसबेला पनि राजपा चुनावमा जाने नजानेमा दोधारमा थियो । यो परिस्थितिमा अहिलेको निर्णय कम हानीकारक छ ।

**० राजपाले ठूला दलको सामु घुँडा टेकेको हो ?**

– होइन, रणनीति परिवर्तन गरेको छ । यसमा कुनै शंका छैन । राजपा हारेको कदापि छैन । किन भने राजपा मुद्दासँग सम्बन्धित छ । मधेशका मुद्दा सबैका मुद्दा हो । यो पार्टीको मात्र मुद्दा होइन । सम्पूर्ण मधेशीको मुद्दा हो । मुद्दा जिवित छ ।

**० केही महिना अघिसम्म राजपाका नेताहरू मधेशीहरूले शहादत दिएको कसैलाई मेयर र उपमेयर बनाउन होइन भनेर अभिव्यक्ति दिने गरेका थिए नि ?**

– आन्दोलनमा आरोह र अवरोध हुनु संसारको नियम छ । राजपाले उठाएको मुद्दा महत्वपूर्ण छ । सैयौं वर्षदेखिको थिचोमिचोबाट मुक्ति पाउने मुद्दा छन् । यसलाई स्वभाविक रूपमा लिनुपर्छ । हो, राजपाका केही नेताले अपरिपक्वतामा चुनावमा नजाने भनेर अभिव्यक्ति दिने गरेका थिए ।

**० यसअघि फोरम नेपाल चुनावमा जानु र अहिले राजपा चुनावमा जानुमा के भिन्नता छ ?**

– दुवै अन्ततः चुनावमा आएका छन् । तर, दुवैको चुनावमा आउने पृष्ठभूमि अलग अलग छन् । फोरमको पार्टीभित्र कुनै समस्या थिएन । तर, राजपा ६ वटा पार्टी मिलेर बनेको हो । राजपा पार्टी एकीकरण भएपछि पनि अझै एकढिक्का हुन सकेको छैन । त्यसैले राजपामा फरक फरक धारबाट आएका नेताबाट फरक फरक अभिव्यक्ति आउनु स्वभाविक हो । यसमा अन्यथा लिनु हुँदैन । जे होस् । फोरम नेपाल र राजपा दुवैले चुनावलाई स्वीकार गरेका छन् ।

**० भनेपछि राजपाभन्दा बढी दूरदर्शी फोरम नेपाल हो ?**

– त्यो त समयले प्रमाणित गर्नेछ । फोरम नेपाल चुनावमा आउँदा उसको धेरै आलोचना भएको थियो । यसरी आलोचना गरिनु मधेशका लागि राम्रो थिएन । अब भविष्यमा कुन पार्टी कतातर्फ जान्छ, त्यो ठेगान हुँदैन । भविष्यमा फोरम नेपाल र राजपाबीच सहकार्य पनि हुन सक्छ । अब को दूरदर्शी र को अदूरदर्शी भन्ने कुरा भविष्यले बताउँला । राजपाको पनि आफ्नो दृष्टिकोण छ । त्यसैले को गलत, को सही भन्ने कुरा भनिहाल्ने अवस्था छैन । एक हदसम्म राजपाको भनाइ ठिक छ । राजपाका मागहरू सरकारले स्वीकार गरेको छ । यसकारण यो कदम ठिक जस्तो हो । अरू दललाई पनि संविधान संशोधनको पक्षमा ल्याउन राजपा सफल भयो । यसलाई राजपाको राजनीतिक जित पनि भन्न मिल्छ ।

**० भनेपछि राजपा चुनावमा जानु भनेको संविधान संशोधनको आधार बनाउनु हो ?**

– हो । यसलाई सकारात्मक रूपमा लिनुपर्छ । आफ्नो वर्चस्व कायम गर्छ । चुनावमा जाने निर्णय पहिला नै लिनुपर्ने थियो । पहिला राजपाको नेतृत्व चुकेको छ । अहिले राजपा ठिक ठाउँमा आएको छ ।

**० दूरदर्शीता नदेखिएकै कारण राजपा पहिलो र दोश्रो चरणको चुनावमा सहभागिताबाट वञ्चित रह्यो ?**

– त्यो हिसाबले पहिलो चरणको चुनावका बेला नै यस्तो निर्णय आउनु पर्दथ्यो । त्यतिबेला कुनै बाध्यता थियो होला । जब स्थानीय निकाय शक्तिशाली भयो, त्यतिबेला नै रणनीतिमा बदलाब ल्याउनुपर्ने थियो । किन भने राजपालाई गणित त थाहा थियो । अहिलेको गणितले हामीलाई साथ दिँदैन भन्ने कुरा राजपालाई थाहा थियो । जे होस् ढिलो आए पनि सही ठाउँमा आएको छ ।

**० आन्दोलन र शहादतले उपलब्धि हासिल गर्न कठिन हुने कुरा देखिन थालेको हो ?**

– होइन । म यो कुरालाई अस्वीकार गर्छु । आन्दोलनको मूल्य हुन्छ । शहादत कहिल्यै पनि खेर जाँदैन । मधेशीहरूले शहादत दिएका छन्, आज न भोलि यसको रिजल्ट आउँछ । यो दल अथवा त्यो दल हुन सक्छ । यो ग्रुप अथवा त्यो ग्रुप हुन सक्छ । त्यसकारण यसबाट हतास हुनुपर्ने आवश्यकता छैन । राजपा वा अन्य दल वा अन्य व्यक्ति वा स्वतन्त्र व्यक्तिले सबै कुरा हेरिरहेका छन्, अध्ययन गरिरहेका छन् । किन भने मुद्दा जिवित छ । हुन सक्छ मधेशी जनता सुतेका होलान् । थाकेको होलान् । तर, मधेशी जनता हारेका छैनन् । भित्र मनमा ज्वलनशीलता छँदैछ ।

**० त्यत्रो दिन आन्दोलन गर्दैमा, शहादत दिँदैमा, संविधान संशोधन गर्नुपर्छ भन्ने कुरामा सबै दल सहमति जनाएनन् । यसो किन ?**

– केही दलको संविधान संशोधनमा विमत्ति छ । तर, धेरै दल त पक्षमा आइसकेका छन् नि । कुन सक्छ अबका चुनावहरूमा राजपालगायत मधेशी दलले राम्रो स्थान ल्याउन सके भने पावर बढ्न सक्छ । यस्तो अवस्थामा सरकार र संसदबाट यी मागहरू पूरा गराउन सक्छन् । यी सम्भावनाहरूलाई इन्कार गर्न सकिँदैन । त्यसैले अहिले निराश हुनुपर्ने आवश्यकता छैन ।

**० राजपाले तत्काललाई आन्दोलन थाँतेर चुनावलाई पाथमिकता दिएको छ । यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– यसमा दुई वटा पोजिशन हुन्छन् । शक्तिशाली भएर संसद्मा आफू अनुकुल अगाडि बढ्नु । होइन भने सडकबाट माग पूरा गराउन दबाब दिनुपर्छ । अहिले के देखियो भने, मधेशकेन्द्रित दलको संसद् र सडक दुवैमा आवश्यक शक्ति देखिएन । आन्दोलनका बेला रणनीतिमा केही चुक भएको हुन सक्छ । राम्रो कुरा के भयो भने अहिले ६ वटा दल एक ठाउँमा आएका छन् । त्यस्तै, फोरम नेपालले जनजातिसँग सहकार्य गरी अघि बढेको छ । यसपाली हुने संसद्को चुनावमा मधेशकेन्द्रित दलले चुनावमा राम्रै मत ल्याउन सक्छन् ।

**० चुनावी मतका अगाडि आन्दोलन पराजित भयो ?**

– आन्दोलन पराजित भएको छैन । जोसँग शक्ति थियो, उसको विरोधमा मधेशी थिए । अद्भूत आन्दोलन थियो । यसमा कुनै शंका छैन । संसारले यो कुरालाई स्वीकार गरेको छ । राजनीतिको केन्द्रमा मधेश रहेको छ । मधेशबिना नै राजनीति गर्न सक्ने अवस्था अहिले देशमा छैन ।

**० २०६२/६३ को जनआन्दोलनमा कम क्षतिबाट गणतन्त्र जस्तो ठूलो उपलब्धि हासिल भएको थियो । तर, मधेश आन्दोलनबाट अत्यधिक क्षति हुँदासमेत मागहरू पूर्ण रूपमा सम्बोधन हुन सकिरहेको छैन नि ?**

– २०६२/६३ को आन्दोलनमा सबै दल एकजुट भएका थिए । अझ यसको अगुवाई शासक वर्गले गरेको थियो । ज्ञानेन्द्र शाह भर्सेज अन्य सबै दल थिए । तर, मधेश आन्दोलन शासित वर्गको आन्दोलन हो । शासित वर्गले त अलि बढी बल लगाउनुपर्ने हुन्छ । आजको आजै सबै समस्याको समाधान हुन्छ भन्ने कुरा होइन । अर्को कुरा, संविधानमा कुनै लेखिँदैमा समस्या समाधान तत्काल भई हाल्छ भन्ने पनि होइन । यसका लागि मनोवृतिमा परिवर्तन आवश्यक छ । यसका लागि वर्षौ लाग्न सक्छ । त्यसकारण आत्तिनुपर्ने आवश्यकता छैन ।

**० प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण कस्तो रह्यो ?**

– ठिकै रह्यो । राम्रो रह्यो । जेजति सम्झौता भएका छन्, त्यसको कार्यान्वयनमा जोड दिनुपर्छ ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# विश्वासघात गरेकाहरूसँग जनताले निर्वाचनमा बदला लिनेछ



**हरिचरण साह**
**अध्यक्ष, नेपाली जनता दल**

राजतन्त्रलाई जसरी लोकतन्त्रको बाढीले बगाएर लग्यो त्यसरी नै अबको आन्दोलनले यी पार्टीहरूलाई बगाएर लानेछ । मधेशी जनतालाई मार्ने ती शासकहरूको विरूद्धमा जनताहरू जानेछन् र हाम्रो पार्टीको पक्षमा आउँछन् भन्ने मेरो विश्वास छ ।

**० प्रदेश नं. २ को चुनावी माहोल कस्तो पाउनु भएको छ ?**

– मधेशमा चुनावी माहोल बनेको छ । मधेशी जनता चुनावमा सहभागी हुन पाउँदा उत्साहित देखिएका छन् । आन्दोलनका क्रममा १ सय ९ जना सपुतहरूले सहादत गरेका छन् । अब तिनीहरू स्वर्गबाट फर्केर आउने कुरा भएन । तर, पनि तिनीहरूलाई स्वर्ग पठाउने पार्टीहरूको विरूद्धमा मधेशी जनताहरूले भोट गर्नु हुन्छ भन्ने विश्वासका साथ आशा राख्दै चुनावी तयारीमा लागेको छु ।

**० संविधान संशोधन नभएसम्म राजपा नेपाल चुनावमा नजाने अडानमा थियो । तर अहिले चुनावमा गएको अवस्था छ । यस प्रति तपाईको धारणा के छ ?**

– संविधान संशोधन नभएको अवस्थामा राजपा नेपाल चुनावमा जाँदैछन् । यो भनेको १ सय ९ जना शहीदप्रतिको अपमान हो । र, यो अपमानलाई मधेशी जनताहरू राजपा नेपालसँग बदला लिनेछ भन्ने मेरो धारणा छ ।

**० तपाईको नेपाली जनता दलले कुन-कुन ठाउँमा आफ्नो उम्मेदवारको टुङ्गो लगाइसकेको छ ?**

– प्रदेश नं. २ को आठवटै जिल्लाको प्रायजसो सबै जिल्लाको जिल्ला स्तरिय बैठक सकेको अवस्थामा हामी छौं । विस्तारित आठ जिल्लाको उम्मेदवारहरूको योग्यता के हुनुपर्ने, मधेशी जनताको मात्रै हैन हिमाल पहाड र तराई सम्पूर्ण जनताको हितमा कसरी काम हुन्छ, तिनीहरूले शान्तिको अनुभव कसरी पाउन सक्छ, यी कामहरू गर्न सक्ने खालको मनोवल भएको राष्ट्रहितको बारेमा सोच्ने खालको उम्मेदवारहरूको चयन गर्नेछौं । विगतमा भएको आन्दोलनले मधेशका जनताहरूले मधेशी नेताहरूलाई संसदमा पुऱ्याएका थिए । तर तिनीहरू संसदको लाभ लिइराख्यो र आन्दोलन पनि गरिराख्यो । तिनीहरूले राजिनामा गरेन । र जनतालाई शहिद बनाइ रहयो । तीन ठूलो दल भन्ने काँग्रेस, एमाले र माओवादी पार्टीले पनि मधेशको जनताको अधिकारको हनन गर्दै आफ्नो सत्ता र भत्तामा मस्त भइरहयो । यहाँ का जनताहरूले राजपा नेपाल र तीन ठूला पार्टीहरूले मधेशी जनतासँग गरेको विश्वासघातको बदला लिनेछ । म कहिल्यै पनि मधेशी जनतासँग विश्वासघात गरेको छैन ।

**० तपाइँको पार्टीबाट उम्मेदवारका आकांक्षी धेरै होलान्, यस्तो अवस्थामा उम्मेदवार चयनमा कस्तो गाह्रो भएको छ ?**

– हेर्नुस, यहाँ हामीलाई उम्मेदवार चयन गर्नको लागि गाह्रो भएको अवस्था चाही छैन । किनभने हामी सिद्धान्त, सामाजिक न्याय, पूर्ण समानुपातिकका लागि लड्ने विश्वस्त नेतृत्वहरूलाई मात्रै नेपाली जनता दलले चयन गर्नेछ । यस्तो साहस र दृढ नेतृत्व शक्ति भएको उम्मेदवारलाई हामी चुनावी मैदानमा होमिन लगाउनेछौं । सबै जिल्लामा समिति गठन गरेर उम्मेदवार छनौट गर्दैछौं । त्यसैले हामीलाई अप्ठ्यारो छैन । हामीले १८ गतेसम्म सबै उम्मेदवारीको प्रक्रिया पुरा गरेर एकमुष्ट रूपमा उम्मेदवारहरूको सूची सार्वजनिक गर्नेछौं ।

**० पशुपति शमशेर राणाको नेतृत्वमा गठन भएको राप्रपा प्रजातान्त्रिक पार्टीसँग मिलेर तपाइँले स्थानीय चुनाव लड्ने तयारीमा हुनुहुन्छ, तपाइँहरूको कुरा कसरी मिल्यो ?**

– नेपालको सबै पार्टीहरू जुन पुरानो धारबाट आएका छन् त्यसमा ति नयाँ धारका आएका पार्टीहरूले संविधान संशोधनको लागि मधेशमा मान्छेहरू मारिरहयो तर काँग्रेस, एमाले र माओवादीले तिनीहरूको माग सुनेनन् । यी सबै एक डयाङ्गका मुला हुन । र एकैपटक यी सबैसँग लड्न सकिदैँन । देशमा चारओटा शत्रु छन् भने एउटा शत्रुलाई मित्र बनाउनु पर्छ । हाम्रो मित्र भनेको लोकतन्त्रधार भएकाहरू हुन र त्यो पशुपति शम्शेरज्यूमा पनि मैले पाएँ । किनभने पशुपति शम्शेरले पनि राजतन्त्र छोडेर प्रजातन्त्रको पथमा आइसकेकोले हामीसँग मिलेको हो । पशुपति पथ छ जुन अहिले हरिचरण पथमा आइसकेको छ । सामाजिक न्यायको पक्षमा आइसकेको छ । लोकतन्त्रको पक्षमा आइसकेको छ । त्यसैले यी समाजिक न्यायको पक्षमा आइसकेकाहरूले हामीसँग आउँछ भने हामी उहाँलाई अहिले पनि स्वागत गर्छौं ।

**० तपाई भारतको भ्रमणमा हुँदा एउटा भारतीय मिडियालाई अन्तर्वार्तामार्फत भन्नु भएको थियो कि नेपालमा अझै पनि वास्तविक गणतन्त्र आएको छैन । के तपाईको विचारमा नेपालमा रहेको यो गणतन्त्र होइन ?**

– हो मैले भनेको थिएँ कि नेपालमा अहिले पनि लोकतन्त्र आएको छैन । किनभने पहिलेको ब्राह्मणवादी शाषकहरूले शासन गरिरहेका छन् । बाँकी जातिहरू बाँडिएको अवस्था छ । जातजातिमा विभाजित भएका छन् । यिनीहरूलाई एउटै धारमा कसरी ल्याउने, हिमाल, पहाड र तराईबीचको जुन खाडल छ त्यसलाई कसरी पुर्ने, हिमाल पहाड तराई कोही छैन पराई यो कसरी बनाउने, मेचीदेखि महाकालीका सबै जातिलाई नेपाली कसरी बनाउने, म त्यो प्रयासको लागि भनेको हो । यी पूर्व शाषकहरू नै जसको कारण राजतन्त्र गए पनि राजतन्त्रको फगत गएको छैन । त्यसैले मैले भनेको हो कि नेपालीमा वास्तविक अर्थमा लोकतन्त्र अथवा गणतन्त्र आएको छैन । राजनीतिक द्वन्द्व समाप्त गरेपछि मात्रै यो देशको भलो हुनेछ र यो देश विकास र सम्बृद्धिको बाटोमा जानेछ । त्यसैले यो देशमा राजनीतिक द्वन्द्वलाई समाप्त गर्नेपर्छ जसको लागि हामी निरन्तर काम गरिरहेका छौं ।

**० लोकतन्त्रको मूल मर्म निर्वाचन नै हो तर तपाईको पार्टी पनि पहिलो र दोस्रो चरणको चुनावमा भाग लिएन के कारण होला ? त्यो क्षेत्रमा जनसर्मथन थिएन कि अरू कुनै कारण छ ?**

– म के भन्छु भने यो देशमा थ्री इडिएट छन्, काँग्रेस, एमाले र माओवादी । यिनीहरूले जनताको मर्मलाई कहिल्यै पनि बुझेका छैनन् । यसैगरी मधेशका पनि फोरम नेपाल, लोकतान्त्रिक फोरम र राजपा नेपाल लगायतका पार्टीले पनि मधेशी जनताहरूसँग कुठाराघात गरेका छन् । राजतन्त्रलाई जसरी लोकतन्त्रको बाढीले बगाएर लग्यो त्यसरी नै अबको आन्दोलनले यो पार्टीहरूलाई बगाएर लानेछ । मधेशी जनतालाई मार्ने ती शासकहरूको विरूद्धमा जाने जनताहरू हाम्रो पार्टीको पक्षमा आउँछ भन्ने मेरो विश्वास हो । त्यो विश्वासको साथ हामी अगाडी बढिरहेका छौं ।

**० तपाईले काँग्रेस, एमाले र माओवादीले तराई मधेशमा गृहयुद्धको वतावरण बनाएको आरोप लगाउनु भएको छ, के छ स्पष्ट पारी दिनु न ?**

– संविधान संशोधन भन्दा अगाडी मैले भनेको थिए कि संसदीय प्रणालीमा संशोधन प्रस्ताव आएको छ त्यसलाई आउन दिनुपर्छ र यसमा काँग्रेस, एमाले र माओवादीले पनि भोटिङ्गमा लैजानु पर्छ । आज प्रमाणित भएको छ मधेशको मुद्दामा ६२ प्रतिशत सांसदको सर्मथन रहेको छ । क्रान्तिकारी स्टाटस राख्नु को कारण हामीले आफ्नो विचार राखेका हौं । हामी जनतालाई शान्तिपूर्ण रूपमा :ल्याएर समस्याको समाधान गर्छौं ।

**० तपाईको पुरा राजनीतिक जीवनमा तराई मधेशको लागि बुँदागत रूपमा भन्नु पर्दा तपाईले के गर्नु भएको छ ?**

– नेपालमा मधेशी जनतालाई चिनाउने प्रयास नेपाल सद्भावना पार्टी जुन गजेन्द्र नरायण सिंहको नेतृत्वमा थियो त्यो र नेपाली जनता दलले नेपालमा मधेशीहरूलाई चिनाउने काम गरेको छ । नेपाली जनता दलले सबै जनताको नेतृत्व विकासमा काम गरेको छ ।

**० तपाई माथी के आरोप छ भने तपाईले विभिन्न कालखण्डमा आफ्नो फाइदाको लागि मोर्चा बनाउनु भयो र त्यसलाई पछि समाप्त पनि पारिदिनु भयो । के भन्नु हुन्छ तपाई यसमा ?**

– हैन, मैले कुनै पनि मोर्चा आफ्नो व्यक्तिगत फाइदाको लागि बनाएको होइन र त्यस्तो मोर्चालाई समाप्त पनि पारेको होइन । होला विभिन्न मोर्चाहरूको विचार नमिलेको त्यसबाट हामी निस्केका मात्रै हौं ।

**० तपाई तराई-मधेशबाट प्रतिनिधत्व गर्नुहुन्छ, केही दिनअघि मात्रै तराई मधेशका जनताहरू बाढीबाट प्रभावित भएका छन्, करोडौं जनधनको क्षति भएको छ । धरै जनाले ज्यान गुमाएका छन् । यस्तो अवस्थामा तपाई के गर्नु भएको छ ?**

– मैले मेरो १ महिनाको तलब बाढी पीडितहरूलाई राहत स्वरूप प्रदान गरेको छु । हाम्रो पार्टीको कार्यकर्ताले पनि विभिन्न ठाउँमा राहत संकलन गरेर वितरण गरेका छन् । त्यस्तै हाम्रो पार्टीले पनि निरन्तर रूपमा सरकारलाई दबाब दिँदै आएको छ कि जसरी पहाडमा भूकम्प जाँदा पुनर्निर्माण प्राधिकरणको गठन गरेको छ त्यसरी बाढी पीडितहरूको व्यवस्थापनका लागि प्राधिकरणको गठन गरोस् र बाढी प्रभावित तराई मधेशको जनतालाई उचित क्षतिपूर्ति दिएर पुनर्स्थापनाको काम गरोस् ।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन-२



डा. जगतप्रसाद पराजुली

**प्रारम्भिक जीवन**

नेपालको लोकतान्त्रिक आन्दोलनका क्रियाशील, इमान्दार, कर्तव्यनिष्ठ, त्यागी र देशभक्तिभावबाट ओतप्रोत भएका अहिंसावादी विचारधारका परिपोषक श्री काशीप्रसाद श्रीवास्तव नेपालको राजनैतिक परिवर्तनका सम्वाहकमात्र थिएनन । नेतृत्वदायी भूमिकामा रहेर समाजमा रहेका अनेकौं विसंगतिहरूको निवारणका निमित्त अनवरत संघर्ष गर्ने अथक योद्धा पनि थिए । उनको जन्म फरवरी १, १९२५ मा गौतमबुद्धको जन्मस्थल, पावनभूमि लुम्बिनी निकटस्थ 'पैसिया' भन्ने ठाउँमा भएको थियो । हाल लुम्बिनीको पवित्रभूमि जहाँ शान्तिद्वीप प्रज्योलित भैरहेको दृश्यावलोकन गर्न सकिन्छ, त्यहाँ अठार विगाहा खेतीयोग्य जमिन पैत्रिक सम्पत्तिको रूपमा थियो । राजनैतिक अभियोग लगाएर पंचायतकालमा सर्वस्वहरण गर्नुका साथै लोकतान्त्रिक प्रणालीका अनुयायीहरूलाई अराष्ट्रिय तत्वको आरोपमा देश निकालाको सजाय दिएको थियो । उनले पनि निष्काशनको अमानवीय सजाय पाएका थिए । गोरखपुरको खुडाघाट लगायतका क्षेत्रहरूमा त्यस्ता निस्कासित देशभक्त राजनीतिज्ञहरू बडो कष्टकर जीवन विताउन बाध्य भएका थए । सर्वस्व हरण भएको लुम्बिनीको उक्त जमिन प्रजातन्त्रको पुनरबहाली पश्चात फुक्का गरिए पनि पंचायत प्रणालीका उपाषकहरूले सो जमिन अधिकरण गरिसकेका थिए । बिना मुआबजा अहिले पनि उक्त जमिन लुम्बिनी विकास कोष अन्तर्गत नियन्त्रित छ । काशीबाबूका सन्ततिले त्यसको उपयोग-उपभोग गर्न पाएका छैनन् । यो विषयको बारेमा छुट्टै शिर्षकमा सविस्तार यथार्थ वयान गरिने छ ।

काशीबाबूका पुजनीय पिता बद्रीनारायण लाल थिए । उनी कृषिको कामा निपुण थिए । खेतीयोग्य जमिनबाट खाद्यन्न उपार्जन गर्न र त्यसबाट उत्पादित वस्तु पारिवारिक खपतपश्चात बचत अन्न निकटवर्ती इलाकामा बिक्रि गरी नगद रकमको आवश्यकता परिपूर्ति गर्दथे । कतिपय मौकामा भारतस्थित सीमावर्ती हाटबजार लगायत व्यापारिक केन्द्रमा आफ्ना स्थानीय उत्पादन बिक्रि गर्ने गर्दथे । त्यसबेला बाटोघाटोको त्यति राम्रो सुविधा थिएन । पशुचौपायको प्रयोग गरी सामान ओसार-पसार गरिन्थ्यो । उक्त कार्य असहज र कठिनाईपूर्ण भएपनि पारिवारीक उत्तरदायित्वका कारण वहन गर्नुनै पर्दथ्यो ।

काशीबाबूका पुज्य माताजीको नाम तीर्थराजी थियो । उनी कुशल गृहिणी थिइन । घरपरिवारको भित्री घरायसी काम कुशाग्र क्षमताका साथ निर्वाह गर्नु र सम्पन्न तुल्याउनु उनी आफ्नो जिम्मेवारी ठान्दथिइन । पंडित बिप्रदेवले आफ्नो दुब्लो, पातलो शरीरको छोरालाई "यी नानी काँशीका प्रसाद हुन्, भविष्यमा उनको ठूलो नाम चल्छ र समाजमा प्रसिद्धि कमाउछन" भनेर भविष्यवाणी गर्दै ३१५ सेन्टिमीटर लामो र १५ सेन्टिमीटर चौडाई भएको रंगी-चंगी चित्रलेखा सहित जन्म कुण्डली तयार पारेर काशीप्रसाद श्रीवास्तव नाम जुराई, भाग्यका बारेमा लामो फेहरिस्त वर्णन गरी उनलाई राम्ररी लालनपालन गर्न पंडितजीले माताजीलाई सुझाएका थिए । मजबूत कागजमा सुन्दर अक्षरमा लेखिएको उक्त कुण्डली खुव जतन गरेर उनले राखिन । आफ्ना मान्यजनलाई देखाउँदै परिवारको एउटा अभूतपूर्व नक्षत्र, सपुत र भाग्यवान व्यक्तिका रूपमा चित्रण गर्दै शुभचिन्तकहरूका सामू निकै प्रशंसा गर्थिन । छर-छिमेकमा पनि निकै बयान चल्थ्यो । काशीका प्रसाद काशीबाबू पनि समाजमा आइपरेका सबैखाले समस्यामा सक्रिय भै कठिनाई निरूपणमा दत्तचित्त हुन्थे । लेखाई-पढाइमा उत्कृष्ट र अब्बल थिए । शिक्षा-दीक्षा दिने अध्यापकहरू सबैजसोले उनलाई रूचाउथे । उनको लगनशिलता र कर्तव्यपरायणतालाई मुक्तकण्ठले वर्णन गर्दथे । आज्ञाकारीताको विषयमा उदाहरणसहित व्याख्या गर्दथे । बालसुधार केन्द्रमा वक्तृत्वकलाको प्रशिक्षण दिइँदा उनले व्यक्त गरेको तर्क, विषयगत ज्ञान र प्रस्तुतीकरणको शैली रोचक र निकै आर्कषणयुक्त हुन्थ्यो । प्रायः त्यसकिसिमका प्रतिस्पर्धात्मक प्रतियोगितामा उनी अब्बल सावित हुन्थे । उनले उक्त केन्द्रको वार्षिकोत्सव समारोहमा 'भाग्य र कर्म' का विषयमा दिएको प्रवचन निकै रोमाञ्चकारी सावित भयो । 'हुने विरूवाको चिल्लो पात' भनेजस्तै बाल्यावस्था देखिनै कर्मको बारेमा वकालत गर्ने व्यक्तिले भाग्यलाई नचाहिदो स्थान दिएनन् । पंडितले निश्चय गरेर लेखेको ७१ वर्षको आयु पार गरेर ७५ वर्षको आयुसम्म उनी बाँचे । भाग्यमा लेखिएको र तोकिएको भन्दा पनि बढी वर्ष बाँचे । जति बाँचे क्रियाशिल कर्मयोगी, उत्साही र कर्तव्यपरायणतालाई शीरमा राखेर जीवन भोगाइको सुन्दरतम उदाहरण बनेर बाँचे । राजनीतिमा त्याग र इमान्दारीता उनको अन्तरमनको आवाज थियो । इतिहासको रचना भन्दा श्रृजना वा निर्माणमा ध्यानमग्न र तल्लीन थिए । स्वतन्त्रता, समानता, प्रजातन्त्र, विश्वभाइचारा, स्वधीनता, सम्प्रभुता, राष्ट्रियता जस्ता सवालमा आफ्नो प्रष्ट विचार र दृष्टिकोण सम्प्रेषण गर्दथे । कानून, नियम, पद्धति लगायत सबैधानिकवाद सर्वकालिक र लोककल्याणकारितामा निहीत हुनुपर्छ भन्ने उनको अडान तथा अटल विश्वास थियो । माहात्मा गान्धीका सुप्रसिद्ध स्वभाव, विचार र प्रवृत्तिका अनुशरणकर्ता मात्र नभएर अनुकरणकर्ताको रूपमा उनको जीवन शैली एवं आचरण थियो ।

काशीबाबू नवजात शीशुको रूपमा यस पृथ्वीमा अवतरण हुँदा परिवारमा 'पितामह ब्रम्हभोज' को पुण्यतिथि चलिरहेको थियो । घरमा १६ जना ब्राम्हणहरूलाई शुद्ध भोजन ग्रहण गराउने धार्मिक परम्परा सुचारू भैरहेको थियो । उक्त ब्रम्हभोजको मुहुर्त समापन भएपछि मात्र नवजात शिशुलाई बाह्य प्रकाश स्पर्श र सूर्य दर्शन गराइएको थियो । त्यसबेला भेला भएका आफन्त, शुभचिन्तक र छर-छिमेकीहरूले दही-चिउरा, मिठाई, खीर, पुरी, तरकारी, हलुवा जस्ता शुद्ध शाकाहारी प्रसाद ग्रहण गरेपछि मात्र नवआगन्तुक शिशुलाई उनीहरूले प्रथम प्रहर हेरेका थिए । यस किसीमको सामाजिक पद्धति त्यसबेला प्रचलित थियो । हिन्दूधर्मशास्त्रद्धारा प्रवर्तित परम्पराहरू रीतिथिति चालचलन, चाडपर्व तथा संस्कारहरू आ-आफ्ना समुदायगत मौलिकतामा परिचालित हुन्थे ।

**बाल्यावस्था :**

पंडित विप्रदेवले जुराई दिएको नाम काशीप्रसाद श्रीवास्तवको मावली घर लखनऊ नजिक दुल्हा स्टेट नामक सरहदी इलाकामा पर्दथ्यो । उक्त इलाका शहरोन्मुख हुँदै गर्दा अंग्रेज गर्भनरले तीर्थराजी (काशबिाबूका माताजी) का पिता त्यस ठाउँका निकै समृद्ध, प्रबुद्ध र प्रतिभाशाली व्यक्ति भएकोले पटवारीको पदीय जिम्मेवारी सुम्पिदिएका थिए । पटवारी पदका व्यक्ति तोकिएको जमिनको मालपोत संग्रह गर्ने सरकारी प्रतिनिधि ठहरिन्थे । निर्धारण गरिएको नगदी-जिन्सी मालपोत उठाएर तोकिएको समयभित्र तत्कालीन सरकारी संयन्त्रमा दाखिला गर्नु उनको कर्तव्य हुने गर्दथ्यो । यसले गर्दा मावली हजुरबुबाकोमा गएको बेला काशीबाबू पनि दुल्हा स्टेट, बर्डपुर, अलीदापुर, लेहेडा, विपीगंज, सिद्धार्थनगर, वस्ती, साथा, ककरहवा, नौगड आदि महत्वपूर्ण ठाउँहरू घुम्न जान्थे । नानाजीलाई साथ सहयोग गर्दथे । उठेका नगद- जिन्सी सामान दूरूस्त राख्न, संयोजन गर्न सघाउथे । नानाजीसँगको सहयात्रा, सहवास, सहकार्यले गर्दा उनले सानै उमेरदेखि घरायसीकामकाज तथा बाह्य क्षेत्रको सार्वजनिक कार्य सम्हाल्ने ज्ञान, निपूर्णता र सद्वुद्धि प्राप्त गरेका थिए । नानाजीले दिएको कार्यलाई जिम्मेवारीका साथ पूरा गर्दथे । यसले गर्दा बाल्यकालदेखि नै काशीवावूको जीवनमा कर्मयोगी प्रवृत्तिको विकास भएको थियो ।

**प्राथमिक शिक्षा-दीक्षा**

काशीबाबूको उमेर केवल १२ वर्षमात्र पुगेको थियो । त्यस बेलासम्ममा उनले दुल्हा कोठी, मोहना बजारका प्राथमिक विद्यालयमा प्राइमरी तहको पढाई पूरा गरिसकेका थिए । यसबेला उनलाई अंग्रेजी माध्यमका विद्यालयमा अध्ययन गर्न अभिरूची पैदा भएको थियो । मामाघर र आफ्नो पैसियाको घरपरिवारमा सर-सल्लाह गरेर वस्ती जिल्ला स्थित एङ्ग्लो संस्कृत हाईस्कूलमा अंग्रेजी भाषा अध्ययनार्थ भर्ना भए । मामा जसलाई "लाल मूख्यातर बाबू" भनेर समाजमा आदरका साथ सम्बोधन गरिन्थ्यो । उनको खास नाम भने राजकिशोर लाल थियो । मामाका छोरा सन्त प्रसाद लाल उनका खास दौतरी थिए । बस्तीमा अध्ययनार्थ जाँदा काशीबाबू र सन्तप्रसादसँगै गएका थिए र एउटै कक्षामा पढ्थे । दुवैजना नातामा आवद्ध भएपनि सुख-दुःखका साथी बनेर अध्ययन लगायतका अन्य व्यवहारिक कामहरू गर्दथे । दुवैको घनिष्ठता उत्कर्षमा थियो । उनीहरूले त्यहाँरहँदा बस्दा रेडक्रसद्धारा आयोजित कार्यक्रममा भाग लिने र प्राथमिक उपचारको प्रयोगात्मक शीप सिक्ने मौका पाए । घाउ चोट सफा गर्ने, महलम् पट्टी गर्ने, सुई लगाउने र साधारण विमारीलाई प्राथमिक औषधोपचार गर्ने ज्ञान हाँसिल गरे । त्यसै गरी स्काउटसम्बन्धी विभिन्न विधामा तालिम लिएर आपद-विपदमा परेकाहरूलाई सहयोग गर्ने, सुरक्षा दिने, गाँस, वास र कपासको प्रवन्ध गर्ने, सामाजिक कृयाकलापमा सहभागी भएर तत्कालै उत्पन्न परिस्थितिको निवारणका लागि सक्रिय हुने आदि व्यवहारिक ज्ञान पनि आर्जन गरे । यस किसिमका ज्ञान, सीप, तालिम र प्रशिक्षणले पछिल्ला दिनमा ठूलो भूमिका खेलेको पनि देखिन्छ ।

बस्ती जिल्लास्थित विद्यालयमा अध्ययन कार्य गर्दा कितावी ज्ञानमात्र आर्जन भएन । व्यवहारिक, प्रयोगात्मक र विपद व्यवस्थापनका काममा सक्रिय भएर कार्य गर्ने क्षमताको पनि विकास भयो । ठीक त्यही परिवेशमा सम्पूर्ण भारतवर्षमा अंग्रेज दासताको विरूद्ध भारतीय स्वतन्त्रता संग्राम चर्किन थालिसकेको थियो । माहात्मा गान्धीलाई अंग्रजेहरूले रेलको डिब्बबाट घोर अपमान गरेर धक्का दिई बाहिर ओरालेको र उनका सरसामानहरू घृणा र तिरस्कारका साथ असुरक्षित तवरबाट बाहिर फ्याकिदिएको अनादरयुक्त घटनाले देशैभरि ठूलो हल्ली-खल्ली र व्यापक प्रचार-प्रसार पाएको थियो । देशभक्त भारतीयहरूमा यो घटनाले प्रतिशोध र बदलाको भावना पैदा गरिदिएको थियो । गान्धीले पनि स्वदेशको माटो मुट्ठीमा लिएर अंग्रेजको गुलामीबाट मुलुकलाई स्वाधिन तुल्याउने 'संकल्प' गर्दै जनमानसमा स्वतन्त्रता, समानता र स्वयत्तताको विषयमा देशैभरि भ्रमण गरेर जनजागरण फैलाएका थिए । यस्ता अहिंशावादी र स्वतन्त्रताप्रेमी नेतालाई वस्तीस्थित विद्यालयकै परिषरमा काशीबाबूले गान्धीको प्रथम पटक चरणस्पर्श गरेका थिए । उनको भाषण प्रत्यक्षरूपमा स्कुलकै दर्शक दीर्घाबाट सुन्न पाएका थिए । गान्धीको भाषणले उनलाई मन्त्रमुग्ध बनाएको थियो । उनको सादगीपन इमानदार छवी र प्रवृत्तिले आकर्षित गरेको थियो । भेषभूषा र खानपानको आहार विहारले मोहित तुल्याएको थियो । देशप्रेम, राष्ट्रप्रेम, भाइचारा, सद्भाव, सहयोग,समझदारी, शौहार्दता जस्ता सम्बोधित विषयले मन छोएको थियो । 'सादा जीवन र उच्च विचार' को सारगर्भित भावनाले मनमा अमिट छाप अंकित गरेको थियो । शरीरमा उत्साह र उमंगको निवास भएको थियो । पैतालादेखि शीरसम्म त्याग, वलिदानको भावनाले घर गरेको थियो । समर्पणभावले विछट्टै किसिमले देशका लागि तुरून्तै केही गरिहालौं भन्ने अन्तरमनबाट जोश-जागर स्फूरण हुन थाल्दथ्यो ।

काशीबाबूले पहिलो पटक शुभाषचन्द्र वोसलाई पनि सोही ठाउँमा सम्बोधबन गर्दा भेट गरेका थिए । "मलाई रगत देउ म तिमीलाई स्वतन्त्रता दिन्छु" भनेर स्वतन्त्रता संग्राममा होमिन देशभक्तलाई जागरूक गरेको ओजश्वीपूर्ण सम्बोधन प्रत्यक्षदर्शी भएर सुनेका थिए । वोसको योजना मुक्तिसेना गठन गरेर भएपनि अंग्रेजलाई केहि नलागे शक्ति, हिंसा र युद्धकै माध्यमबाट पलायन हुन विवश पार्ने कार्यनिति थियो । तत्कालीन युवापीढीलाई उनले आफ्नो राजनैतिक अभियानमा संगठित गरेका थिए । अंग्रेजको निरंकुशता, वर्वरता, अमानवीयता, दमनीयता, शोषण र ज्यादतीका विरूद्ध युवा, भूतपूर्व सैनिक, सामाजिक कार्यकर्ता, सुधारक, देशभक्त र जझारू कार्यकर्तालाई सामाजिक महत्व र आक्रमक प्रवृत्तिको शीप-दक्षता अभिवृद्धि गराईरहेका थिए । हाईस्कूल स्तरको शिक्षा पूरा गर्दै गर्दा शुरू शुरूमा शुभाषचन्द्र वोसको सम्बोधनबाट आकर्शित भएर यस किसिमको गतिविधिमा पनि उनको संलग्नता कायम रह्यो ।

**कारूणिक घटना :**

त्यसैबेला उनलाई कहिल्यै नविर्सने र नमेटिने घटनाले पारिवारिक जिम्मेवारीको भार थपिदियो । आफू वयस्क हुनै लागेको उमेरमा एक जना अपराधिक मनोवृत्तिको मानिसले आफ्ना पिता श्री वद्रीनारायण लाललाई व्यवहारिक कामको शिलशीलामा घरबाट केहि टाढा आफ्नै खेती किसानीमा लागेकै बेला निर्मम तरिकाले हत्या गरि दिए । अपराधीले आर्थिक प्रलोभनमा परेर उनको हत्या गरेका थिए । लाउँ-लाउँ खाउँ-खाउँ भन्ने उमेरमा आफ्नो घरमा ज्यादै दुःखदायी घटना घट्यो । आमा तीर्थराजी यस घटनाबाट विछिप्त भइन । सेवा, धर्म र परोपकारबाट उनको विश्वार्स उठ्यो । विगत्मा उनले गरेको परम्परागत धार्मिक विश्वासको उपहार स्वरूप उक्त वियोगले विश्मयपूर्ण घटना सहन गर्नु परेका कहिल्यै नपुरिने घाउको गहिरो छाप उनीमाथि पर्यो । धर्मकर्ममा उनलाई रत्तिभर विश्वास भएन । त्यसपछि माताजीलाई मामाघरमा पुर्‍याएर काशीबाबू आफ्नो जीवनको बाटो कसरी सहज सरल तुल्याउँदै जाने सन्दर्भमा धेरैसँग विचर विमर्श गरे । प्रेम, उदारता, क्षमाशीलता विना जीवन सम्भव छैन भन्ने उनले निष्कर्ष निकाले ।

*क्रमश....*

## लोकतान्त्रिक फोरमको उम्मेदवार घोषणा




राकेश यादव, रौतहट । नेपाल लोकतान्त्रिक फोरम जिल्ला कार्य समितिले आसन्न तेस्रो चरणको स्थानीय निर्वाचनका लागि ७ वटा स्थानीय तहको उम्मेदवारको नाम सार्वजानिक गरेको छ । पार्टी कार्यालय गौरमा जिल्ला अध्यक्ष मनोज शर्माले पत्रकार सम्मलेन आयोजना गरी उम्मेद्वारहरूको नाम घोषणा गरेको हो । गौर नगरपालिकाको प्रमुखमा नव प्रवेशी अर्चना यादवलाई उम्मीदवार बनाइएको छ । ईशनाथ नगरपालिकाको लागि मेयरमा संतोष मेहता, उपमेयरमा हुस्नआरा खातून, राजपुर नगर पालिकाको मयरमा जैद आलम, पर्सोहा नगरपालिकाको रामचन्द्र प्रसाद पटेल, उपमेयरमा वहीदा खातून, देवाही गोनाही नगरपालिकाको लागि राजेश्वर प्रसाद यादव, गुजरा नगरपालिकाको राजेश चौधरी, उपमेयर देवकी चौधरी, चंद्रपूर नगरपालिकाका मेयरमा जोखन फनैत थारू, उपमेयरमा मरछिया देवी रामको छनौट गरिएको जिल्ला अध्यक्ष शर्माले बताएका छन् । गौर नगरपालिका वार्ड नंबर ५ को वडाध्यक्षमा अध्यक्ष शर्मा स्वयं उम्मीदवारी दिने घोषणा गरेको छ । स्वतंत्र उम्मेदवारको रूपमा प्रचार प्रसारमा रहेकि अर्चना यादव लोकतान्त्रिक फोरममा पार्टी प्रवेश गरेकी छिन् । उनलाई पूर्व स्वास्थ्य राज्य मंत्री महमद मुस्ताक आलम पार्टी प्रवेश गराएका थिए ।

## बाढीपीडितलाई एन्टाद्वारा राहत वितरण



सुनसरी । अमेरिकामा बसोबास गर्ने मधेशीहरूको संस्था एसोसिएसन अफ नेपाली तराइएन इन अमेरिका (एन्टा)ले सुनसरीका बाढीपीडितहरूलाई राहत वितरण गरेको छ । स्थानीय बुद्धिजीवी, पत्रकार तथा गाउँपालिकाको प्रतिनिधिको समेत उपिस्थितिमा एन्टाको आर्थिक सहयोगमा मधेश इनिशिएटिवका स्थानीय यूवा स्वयंसेवकहरूले शुक्रबार सुनसरीको भोक्राहा वडा नं. ६ मा बाढी प्रभावित करीब २६ घरधुरी मुसहर तथा झांगर दलित परिवारलाई व्यवस्थित ढंगले राहत सामग्री वितरण गरिएको हो । एन्टाको राहत ग्रहण गर्दै मुसहर तथा झाँगर दलित परिवारहरू निकै हर्षित भएका थिए । दलित तथा मुसहर बस्तीका २६ घरधुरीलाई लक्षित गरी करीब १० दिन पुग्ने गरि खाद्यान्न सामग्री वितरण गरिएको छ । मधेश इनिशिएटिवका प्रतिनिधि पंकज साहले बाढीपीडित गरिब असहायहरूलाई मात्रै लक्षित गरी मानवीयताको नाताले राहत वितरण गर्न आएको बताए । उनले प्रत्येक घरधुरीलाई २० केजी चामल, २ केजी दाल, खाने तेल १ लिटर, नून १ केजी, त्रिपाल १ थान, केटाकेटीका लागि टीशर्ट २, खानेपानी ५ लिटर, बाल्टी-जग १ थान, कराही, खाना पकाउने भाडा, डेकची तथा थाल समेत वितरण गरिएको जानकारी दिए । बाढ़ीले दलित तथा मुसहर बस्तीका सम्पूर्ण घर नष्ट हुनुको साथै उनीहरूलाई बसोबासको समेत समस्या खेप्नु परेको छ । भोक्रहा-६ गाउँपालिका मुसहर बस्तिकी ६० वर्षीय महेन्द्र सदाको घर भत्किएर रूखमुनी भुईमै सुति रहँदा एन्टाबाट राहत पाएकोमा निकै खुशी लागेको बताए । यस्तै, भोक्रहा-६ जांगर बस्तिका मगवा उराँवले अहिलेसम्म कहीँ कतैबाट राहत नपाएको जेनतेन गुजारा चलाउँदै आएको र अहिले राहत पाउँदा खुशी लागेको बताइन् ।

## मधेश अपडेट

### एमालेको कार्यक्रममा राजपाको अवरोध



*एमालेविरूद्ध प्रदर्शन गर्दै राजपाका नेता*

जनकपुरधाम । जनकपुरधाममा नेकपा एमालेको चुनावी सभामा राष्ट्रिय जनता पार्टी नेपालका नेता कार्यकर्ताहरूले विथोलेका छन् । प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै मधेशकेन्द्रित भई एमाले वरिष्ठ नेता माधवकुमार नेपाल चुनावी प्रचार प्रसारमा निस्केका हुन् । वरिष्ठ नेता नेपालले जनकपुरधामको पिडारी चौकस्थित जानकी बाटिकामा चुनावी सभाको आयोजना गर्न लाग्दा राजपा नेपालका नेता कार्यकर्ता तथा स्थानीय जनताहरूले विथोलेका छन् । एमाले मधेश विरोधी रहेको भन्दै कार्यक्रम विथोल्ने क्रममा सुरक्षाकर्मीसँग झडपसमेत भएको थियो । झडपमा एक दर्जनभन्दा बढी नेता कार्यकर्ता तथा सर्वसाधारण घाइते भएका छन् ।

### चुनावी तालमेल हुन्छ : प्रचण्ड

विराटनगर । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आसन्न प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनमा मधेशकेन्द्रित दलहरूसँग चुनावी तालमेल गर्ने बताएका छन् । पार्टीको केन्द्रीय महाधिवेशन आयोजक समिति सदस्यहरूलाई प्रशिक्षण दिन सोमबार विराटनगर आएका प्रचण्डले यस्तो बताएका छन् । अध्यक्ष प्रचण्डले स्थानीय तहको चुनावसँगै प्रदेश र संसदको चुनाव पनि यही साल हुने भएकाले यो वर्ष चुनावमय साल भएको टिप्पणी गरे । उनले २ नम्वर प्रदेशमा हुने स्थानीय तहको चुनावमा लोकतान्त्रिक पक्षधर गणतान्त्रिक पार्टी जुनसुकैसँग पनि तालमेल गरेर अघि बढ्न सकिने बताए । प्रचण्ड बुधबार काठमाडौं फर्किने जनाइएको छ

### उम्मेदवारहरू घरदैलोमा व्यस्त

राकेश यादव, रौतहट । राष्ट्रिय जनता पार्टी नेपालको चुनावमा सहभागी हुने निर्णय पछि प्रदेश नम्बर २ को विभिन्न जिल्लामा चुनावी माहौल बनेको छ । आसन्न तेस्रो चरणअन्तर्गत आसोज २ गते हुने स्थानीय तहको निर्वाचनको तयारीमा राजनीतिक दलहरू जुटिसकेपछि चुनावी वातावरण बनेको हो । रौतहट, बारा, सर्लाही, महोतरी, धनुषा, सिरहा, सप्तरी र पर्सामा उम्मेदवारहरूले तयारी शुरू गरेका छन् । रौतहटको गौर, गरूडा, चन्द्रनिगाहपुर लगायतका १६ नगरपालिका र २ गाउँपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष, सदस्यहरू मत माग्न मतदाताहरूको घर घरमा जान शुरू गरिसकेको छन् । नेपाली कांग्रेस, नेकपा एमाले, संघीय समाजवादी फोरम नेपालले उम्मेदवार छनौट गरेको स्थानीय तहमा प्रचार प्रसार तीव्र भएको छ भने उम्मेदवार निधो नभएका स्थानीय तहमा कार्यकर्ता अन्यौलमा परेका छन् । गौर नगरपालिकामा एमालेका शम्भू साह, संघीय समाजवादी फोरम नेपालका गौरीशंकर यादव तथा राजदेवी नगरपालिकाको वार्ड नम्बर ७ मा नेकपा एमालेका वडाध्यक्षको उम्मेदवार संजय प्रसाद यादव गाउँमा घरदैलो कार्यक्रम शुरू गरेका छन् ।

### राजनीतिक नेतृत्व सच्चिनुपर्ने : उपाध्याय

रूपन्देही । व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिका सभापति डोर प्रसाद उपाध्यायले मुलुकलाई भ्रष्टाचारमुक्त बनाउन रानीतिक नेतृत्व नै सच्चिनुपर्ने बताएका छन् । सानादेखि ठूला विकास आयोजनाहरूमा कतै न कतै र कुनै न कुनै किसिमले राजनीतिक दलका शीर्ष नेतृत्वको संलग्नता हुने गरेको भन्दै उनले मुलुकलाई भ्रष्टाचारमुक्त बनाउन राजनीतिक नेतृत्व नै सच्चिनुपर्ने विचार व्यक्त गरे । रिपोर्टर्स क्लव नेपाल रूपन्देहीद्धारा सोमबार बुटवलमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै सभापति उपाध्यायले राजनीतिक तथा कर्मचारी संयन्त्रको पुरानो नेतृत्व बिस्थापन नगरे सम्म भ्रष्टाचार नियन्त्रण हुन नसक्ने बताए । आर्थिक अनियमितताको बिषयमा सार्वजनिक लेखा समितिले गरेको छानबिनमा कुनै न कुनै किसिमले राजनीतिक नेतृत्वको संलग्नता देखिएको बताउदै उनले शुसासनको मुख्य बाधक राजनीतिक नेतृत्वनै भएको दाबी गरे । नेपालमा नीतिगत रूपमै भ्रष्टाचार हुने गरेको बताउदै सभापति उपाध्यायले भ्रष्ट कर्मचारी र राजनीतिक नेतृत्वको मिलेमतोमा बजेट निर्माण,योजना छनौट,ठेकेदार छनौट हुदै बिकास निर्माणमा भ्रष्टाचार हुने गरेको जिकिर गरे ।

### सयौं नेता फोरम नेपालमा प्रवेश

जनकपुरधाम । स्थानीय तहको तेस्रो चरणको चुनाव नजिकिँदै गर्दा विभिन्न परित्याग गरी संघीय समाजवादी फोरम नेपालमा प्रवेश गर्ने लहर तीव्र बनेको छ । नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूले नेतृत्व र नीतिप्रति असन्तुष्टि जनाउँदै पार्टी परित्याग गर्ने नेता कार्यकर्ताहरूले फोरम नेपालमा प्रवेश गर्ने क्रम जारी छ । यसैक्रममा, राजपाका केन्द्रीय सदस्यको नेतृत्वमा धनुषा र महोत्तरीका सयौं नेता कार्यकर्ता फोरम नेपाल प्रवेश गरेका छन् । राजपाका केन्द्रीय सदस्य लक्ष्मी महतोले पार्टी परित्याग गरेसँगै सो क्षेत्रमा राजपालाई ठूलो धक्का लागेको छ । शुक्रबार धनुषाको ढल्केबरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा राजपाका केन्द्रीय सदस्य लक्ष्मी महतोले राजपाले संविधान संशोधन विधेयक फेल गराएर मधेशलाई धोका दिएको भन्दै फोरम नेपाल प्रवेश गरेको प्रतिक्रिया दिए । नेपाली कांग्रेसका पूर्व गाविस अध्यक्ष महेन्द्र यादव, एमाले नेता कैलाश महतोको नेतृत्वमा स्थानीय नेता कार्यकर्ताहरूको समूह फोरम नेपालसँग आबद्ध भएको छ । फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले नवप्रवेशी नेता कार्यकर्ताहरूलाई फूलमालाले स्वागत गर्दै पार्टी प्रवेश गराएका छन् ।

### कपिलवस्तुमा पेट्रोल १४० रूपैयाँप्रति लिटर

इमरान खान, कपिलवस्तु । बाढीपहिरोको मारमा परेका कपिलवस्तु जिल्लाका किसानहरू यतिबेला पेट्रोल तथा डिजलको कालोबजारीको मारमा परेका छन् । कृष्णनगर नगरपालिका, बहादूरगंज, रूद्रपुर, सिरसिहवा, झिगहालगायतका पेट्रोल पम्पहरूमा पेट्रोल तथा डिजलको कमीको कारणले किसान र व्यापारीहरूलाई सास्ती झेल्नु परिरहेको छ । पेट्रोल तथा डिजलको अभावले कृष्णनगर नगरपलिका, बहादूरगंजलगायतका बजारहरूमा कालाबजारियाहरूले पेट्रोल १४० रूपैयाँप्रति लिटर बिक्री गरेकोले जनता, किसान तथा व्यापारीहरूलाई समस्या भोग्नु परिरहेको स्थानीयबासी शाहबाज खानले बताए । पेट्रोल पम्पहरूमा पट्रोल तथा डिजल नहुने तर बजारको किराना पसल तथा पानको पसलहरूमा कालोबजारीहरूले महँगो मूल्यमा पेट्रोल तथा डिजलहरू पाइने भएकोले यो पेट्राल तथा डिजलहरू कहाँबाट ल्याई बिक्री गरिरहेका छन् ? यो समस्यालाई कपिलवस्तु जिल्लाका लागि गम्भीर प्रश्न खडा भएको छ । यो पेट्रोल पम्पहरूकै कालो बजारीमा पेट्रोल तथा डिजलहरू बिक्री र जनतामाथि चर्को मूल्य थोपर्ने प्रपञ्च हो भन्ने किसानहरू तथा स्थानीयबासी शाहबाज खानले अरोप लगाएका छन् ।

### कमलु सदाको परिवारलाई आर्थिक सहयोग

राजविराज । बाढीमा परी मृत्यु भएका कमलु सदाको परिवारलाई श्रम मन्त्रालयको सहयोगमा नेपाल निजामती कर्मचारी संगठनले आर्थिक सहयोग गरेको छ । सप्तरीका तिलाठी कोइलाडी-५ घर भएका सदाको परिवारलाई सो संगठनले रू १६ हजार ५०० र सोही संगठनका कर्मचारीहरूको पदाधिकारीहरूले पनि रू दुई हजार ५०० गरी जम्मा रू १९ हजार आर्थिक सहयोग गरेको कर्मचारी संगठनले जनाएको छ । मृतकका परिवारलाई संगठनका उपाध्यक्ष भवानी दाहाल, भागवत यादव र जिल्ला अध्यक्ष रामनारायण महतोसहित जिल्ला समितिका पदाधिकारीले सो आर्थिक सहयोग गरेका हुन् । यस्तै युवा संघ नेपालले समेत सदाको परिवारलाई रू ११ आर्थिक सहयोग प्रदान गरेको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी ५

# अवकाश उमेरमा समानताको आवश्यकता



लक्ष्मीविलास कोइराला

**पृष्ठभूमिः**

निजामती कर्मचारीको अवकाश उमेर कति भन्ने विषय विधिले तय गर्ने हो । हाम्रो प्रजातान्त्रिक देशमा एउटै समाज र संस्कृतिमा हुर्केर सेवा प्रवेश गरेका, एउटै प्रकृतिको काम गर्ने र एउटै राष्ट्रिय ढुकुटीबाट पारिश्रमिक लिने सरकारी कर्मचारीहरूको अवकाश उमेर अलग-अलग र असमान छ । विकसित देशहरूमा निजामती कर्मचारीहरूको अवकाश उमेर झण्डै ७० वर्ष पुग्न लागिसकेको छ । छिमेकी देश र सार्क मुलुकहरूमा पनि सरकारी कर्मचारीहरूको अवकाश उमेर ६० वर्षभन्दा माथि नै छ । अवकाश उमेर कति कायम गर्ने भन्ने आधार मूलतः जनताको औषत आयुमा निर्भर गर्दछ । औषत आयु बढ्दै गएको आधारमा जागिरबाट अवकाश हुने उमेर पनि क्रमशः बढाउने विश्वव्यापी मान्यता हो ।

राज्यको लगानीमा तालिम प्राप्त, परिपक्व र सक्षम कर्मचारीहरूलाई लामो समयसम्म सेवामा सहभागी गराउनु राज्यको लागि लाभदायक हुन्छ । निवृति भरण पाउने कर्मचारीले सेवामा लामो उमेरसम्म काम गर्नु भनेको त उनीहरूले आधा तलबमा काम गर्नु हो । किनकी आधा तलब त उसले काम नगरे पनि पेन्सनको रूपमा पाई नै हाल्दछ । अहिले देशमा सरकारी कर्मचारीहरूको पेन्सनमा अत्यधिक भार थपिदै गएको अवस्थामा अवकाश उमेर बढाएर सरकारले साधारण खर्चको व्ययभार कम गर्न पनि सक्दछ र पेन्सनमा हुने खर्च बचाएर विकास कार्यमा खर्च गर्न सक्छ । किन अवकाश उमेर बढाउन पर्ने हो सो सम्बन्धमा रहेका केही तथ्यहरूको विवेचना यहाँ गरिनेछ ।

**नेपालको सरकारी सेवामा अवकाश उमेरमा रहेको असमानताः**

- निजामती सेवाका कर्मचारीहरू ५८ वर्षमा अवकाश हुने,
- स्वास्थ्य सेवाका कर्मचारीहरू ६० वर्षमा अवकाश हुने,
- संसद सेवाका कर्मचारीहरू ६० वर्षमा अवकाश हुने,
- सरकारी स्कूलका शीर्षकहरू ६० वर्षमा अवकाश हुने,
- विश्वविद्यालयहरूका प्राध्यापक र कर्मचारीहरू ६३ वर्षमा अवकाश हुने, र
- न्यायधीशहरू ६३ वर्षमा अवकाश हुने ।

**सरकारी सेवामा ५८ वर्षसम्ममा पनि महिलाको पेन्सन नपाक्ने अवस्थाः**

- निजामती सेवा ऐन २०४९ मा नेपालका महिलाले सरकारी सेवामा ४० वर्षको उमेरसम्म प्रवेश गर्न पाउँछन् तर उनीहरू १८ वर्ष सेवा गरेपछि पेन्सन नपाक्दै अवकाश हुने गर्दछन् । जुन व्यवस्था अव्यावहारिक छ ।

**अवकाश उमेर बढाउनपर्छ भन्ने तर्कः**

- सबै सरकारी सेवाका कर्मचारीहरू एउटै समाजमा हुर्केका, एउटै प्रकृतिको काम गर्ने र सबैले राष्ट्रिय ढुकुटीबाट नै तलब खाने भएकाले कसैले ५८ वर्षसम्म मात्रै सेवा गर्न पाउने कसैले ६० वर्ष कसैले ६३ वर्षसम्म किन ? त्यसकारण अवकाश उमेर बढाएर कम्तीमा पनि ६२ वर्ष बनाउनु पर्छ ।
- नेपालीको औषत आयु बढेर ७० वर्षभन्दा धेरै पुगिसकेको, औसत आयु ५२/५३ हुँदा निजामती कर्मचारीहरूको अवकाश उमेर ६३ र ६० वर्ष थियो । निजामती सेवा ऐन २०४९ ले अवकाश उमेर घटाएको हो । औषत आयु बढेकाले अवकाश उमेर बढाउनु पर्छ ।
- संवैधानिक निकाय लोकसेवा आयोग तथा नेपाल सरकारले गठन गरेका प्रशासन सुधार आयोगहरूले नेपाल सरकारलाई निजामती कर्मचारीको अवकाश उमेर बढाएर ६० वर्ष बनाउन रायसुभाव दिइसकेका छन् ।
- नेपाल सरकारले आ.व. २०७२/७३ को बजेट भाषणमा सरकारी कर्मचारीहरूको अवकाश उमेर पुनरावलोकन गर्ने लक्ष्य राखेको थियो ।
- सार्क मुलुक र छिमेकी मुलुकका सरकारी कर्मचारीहरूको तुलनामा नेपालका सरकारी कर्मचारीहरू छिट्टै अवकाश हुने गरेका छन् ।
- पेन्सनका लागि विनियोजन गर्नुपर्ने धेरै ठूलो बजेट विकास कार्यमा खर्च गर्न सकिने छ ।
- मानव संसाधन विकासमा धेरै लगानी गरी तयार भएको अनुभवी र परिपक्व जनशक्ति निजामती कर्मचारी छिट्टै अवकाश हुँदा राज्यको लगानी खेर गइरहेको पनि छ ।
- पेन्सन पाकेका कर्मचारीहरूले पेन्सन भइसकेपछि नगन्य तलबमा काम गरिरहेका हुन्छन् । पुरानालाई अवकाश दिँदा र नयाँ भर्ना गर्दा सरकारले विकास र पुनर्निर्माणका लागि खर्च गर्नु पर्ने बजेट पेन्सनका लागि छुट्याउनु पर्ने अवस्था रहन्छ । निजामती सेवा सरकारको विशिष्ठ खालको सरकारी सेवा हो । सरकार र सरकारी सेवाको अवसरले मात्र सबैलाई रोजगारी पुग्ने होइन । नयाँलाई रोजगारी दिनुपर्छ भन्ने नाममा सरकारले अनुभवी र परिपक्व कर्मचारीहरूलाई छिट्टै अवकाश दिने र बढी व्ययभार वहन गरिरहनु पनि हुँदैन ।
- कार्यरत कर्मचारीको उत्प्रेरणा बढाउन ।



सरकारी सेवामा काम गर्ने निजामती कर्मचारीहरूको अवकाश उमेर बढाउनु पर्ने एउटा आवश्यकता हो भने अर्को आवश्यकता एउटै परिवेशबाट आएका समान प्रकृतिको काम गर्ने र एउटै ढुकुटीबाट तलब खाने सरकारी कर्मचारीहरूको अवकाश उमेरमा समानता कायम गर्नु पनि हो ।

अवकाश उमेर बढाउन हुँदैन भन्ने तर्कः

- नवप्रवेशी युवाहरूलाई रोजगारी रोकिने भन्ने तर्क छ । उमेर बढाएर नवप्रवेशीहरूको लागि सधैका लागि अवसर ठयाप्पै हुने पनि होइन । केही समयपछि प्रणालीले स्वतः काम गर्न थालिहाल्छ, रोकिदैन ।

**अब के गर्ने त ?**

- अवकाश उमेरमा समानता कायम गर्ने :
  एउटै नेपाली समाजबाट प्रवेश गरेका, एउटै प्रकृतिको काम गर्ने र एउटै राष्ट्रिय ढुकुटीबाट तलब खाने नियुक्त हुने सबै वृति सेवा भएका सरकारी कर्मचारी ( निजामती कर्मचारी, न्यायधीश, शिक्षक, प्राध्यापक र संगठित सस्थाका कर्मचारीसमेत) हरूको अवकाश उमेर एउटै र समान हुनुपर्दछ । हालको विद्यमान अवस्थाको गहन विचार गरि अवकाश उमेर कि त बढाएर ६० वा ६३ बनाएर कि घटाएर ५८ वर्ष बनाई कर्मचारीको अवकाश उमेरमा समानता कायम गर्नुपर्दछ ।
- छिमेकी र सार्क मुलुकसँग मिल्ने गरि अवकाश उमेर बढाएर समान बनाई राष्ट्रिय स्वाभिमान उँचो बनाउँने, र
- सीमित र दुर्लभ स्रोतसाधनको अधिकतम उपयोग गर्न पेन्सनको भार घटाई विकास कार्यमा आवश्यक रकमको जोहो गर्ने ।

उपसंहारः

सरकारी सेवामा काम गर्ने निजामती कर्मचारीहरूको अवकाश उमेर बढाउनु पर्ने एउटा आवश्यकता हो भने अर्को आवश्यकता एउटै परिवेशबाट आएका समान प्रकृतिको काम गर्ने र एउटै ढुकुटीबाट तलब खाने सरकारी कर्मचारीहरूको अवकाश उमेरमा समानता कायम गर्नु पनि हो । महिला कर्मचारीको हिसाबमा प्रवेश र अवकाश उमेर मिलाई पेन्सनसम्म पाक्नेसम्मको अवस्था कायम गर्नु हो । यसकारण राज्यले निजामती कर्मचारीको अवकाश उमेरमा रहेको विभेद, सबै प्रकारका असमानता र अव्यावहारिकता समाप्त गर्न उपयुक्त हुन्छ ।

## कपिलवस्तु नगरपालिकाको बजेट प्रस्तुत



बजेट प्रस्तुती करण कार्यक्रममा सहभागीहरू ।

मणि प्रसाद गैह्रे, कपिलवस्तु । यस क्षेत्रकै पुरानो नगरपालिका कपिलवस्तु नगरपालिकाको चालु आर्थिक वर्ष २०७४/०७५ को कुल अनुमानित बजेट ६१ करोड २४ लाख ५९ हजार प्रस्तुत गरिएको छ । कपिलवस्तुको तौलिहवामा नगरपालिकाको प्रथम नगर सभामा नगर प्रमुख किरण सिंहले बजेट नीति तथा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा सो प्रस्तुत गरेका हुन् । कुल बजेट मध्ये चालु २८ करोड ३० लाख ४० हजार तथा पुजीगत बजेट ३२ करोड ९४ लाख १८ हजार रहेको छ । पूर्वाधार विकासमा २२ करोड ७२ लाख, सामाजिक विकासमा २ करोड ९८ लाख, आर्थिक विकासमा ३ करोड ६५ लाख, वातावरण, खानेपानी सरसफाई तथा प्रकोप व्यवस्थापनमा ९० लाख, संस्थागत विकास तथा सेवा प्रभाहमा २ करोड १० लाख प्रबर्द्धनात्मक कार्यक्रममा ५७ लाख बजेट विनियोजन गरिएको छ । ऐतिहासिक र पर्यटकीय क्षेत्रले भरिभराउ रहेको कपिलवस्तु नगरपालिकामा पूर्वाधार तथा पर्यटकीय विकासका लागि ठोस कार्यक्रमहरू संचालन गरिने प्रमुख सिंहले बताए ।

## केन्द्रीय प्रहरी प्रवक्तामा न्यौपाने

काठमाडौं । नेपाल प्रहरीद्वारा सम्पादित जनसरोकारका काम-कारबाहीलाई यथार्थ तथा तथ्यगत रूपमा सञ्चार माध्यममा सम्प्रेषण गर्नका लागि प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी नायव महानिरीक्षक मनोज न्यौपाने केन्द्रीय प्रहरी प्रवक्ता तोकिएको छ । प्रहरी नायव महानिरीक्षक न्यौपानेको मोवाइल नम्बर ९८५१२९२१११ मा सम्पर्क गर्न सकिने प्रहरी महानिरीक्षकको सचिवालयले जनाएको छ ।

## दुर्गा पुजा प्रभावित हुने



महोत्तरी । महोत्तरीको विभिन्न ठाउँमा पंडालभित्र दशैंको अबसरमा माटाका प्रतिमा बनाएर भव्यताका साथ दुर्गा पुजा मनाउनका लागि प्रत्येक वर्ष गठन गरिने व्यवस्थापन एवं सहयोग समितिहरूको जिम्मेवारी यस पटक नवयुवाहरूले पाउन थालेका छन् । निर्वाचनका कारण पुजाका लागि आर्थिक स्रोत जुट्न ग्राहो हुनेमा नवयुवाहरू चिन्तित देखिएका छन् ।

गाउँ तथा शहरहरूमा मनाइने दुर्गा पुजाको व्यवस्थापन एवं सहयोगका लागि एक महिना अगाडि नै विभिन्न समितिहरू बनाउने गरिन्छ । स्थानीय तह निर्वाचनमा युवाहरू आफै नगरपालिका तथा गाउँपालिकाको प्रमुख एवं वडाअध्यक्षहरूमा उम्मेदवार बन्ने घोषणा गरेका कारण नवयुवाहरूलाई जिम्मेवारी दिइएको राष्ट्रिय जनता पार्टीका जलेश्वर नगर अध्यक्ष मण्डलका नेता गजेन्द्र गुप्ताले बताए ।

जलेश्वर नगरपालिकाको दुर्गा चोकमा गत बर्षसम्म पुजा समितिका रहेका पदाधिकारीहरू यस पटक स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिने घोषणा गरिसकेका छन् । त्यस्तै पुजामा आर्थिक सहयोग गर्नेहरू स्वयं पनि उम्मेदवार बन्ने घोषणा गरेका कारण दुर्गा पुजा समान्य तरीकाले गरिने बाध्यता रहेको पुजा समितिका सदस्य मुरली चौधरीले बताए । जलेश्वर नगरपालिकाकै जलेश्वर महालिङ्ग मन्दिर चोकमा समेत पुजा समितिको जिम्मेवारी नवयुवाहरूलाई दिइने रमण चौधरीले बताए । यस चोकमा ३५ बर्षदेखि माटाका प्रतिमा बनाई दुर्गा पुजा हुने गरेको छ ।

नगरपालिका र गाउँपालिकाहरूको अबस्थामा खासै फरक नरहेकोले दुर्गा पुजा केही हदसम्म प्रभावित हुने राकेश साहले बताए । स्थानीय तहको निर्वाचनमा जीत र हार हुने पक्षहरूको प्रभाव समेत दुर्गा पुजामा देखिने भएकोले स्थानीय सुरक्षा निकाय सचेत हुनुपर्ने देखिन्छ ।

## संक्षिप्त समाचार

### खेलकुद विकासका लागि विशेष ध्यान दिनुपर्छ : मन्त्री

कैलाली । युवा तथा खेलकुदमन्त्री राजनकुमार केसीले खेलकुदका माध्यमबाट देशलाई कसरी विश्वसामु चिनाउन र समृद्धिशाली बनाउन सकिन्छ भन्नेमा सरकार चिन्तित रहेको बताएका छन् । कैलालीको धनगढीमा राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघको पाँचौं केन्द्रीय महाधिवेशनको उद्घाटन समारोहका क्रममा मन्त्री केसीले उहाँले नेपालजस्तो मुलुकले खेलकुदको विकासका लागि छुट्टै खेलकुद मन्त्रालय बनाउनु भनेको ठूलो विषय हो भने ।

### जलेश्वर-जनकपुरधाम सडकखण्ड सञ्चालन

महोत्तरी । करिब दुई हप्तादेखि अवरूद्ध रहेको जलेश्वर-जनकपुरधाम सडक सञ्चालनमा आएको छ । बाढीले बाटो बगाएपछि महोत्तरी जिल्लाको मुख्य बाटो जलेश्वर-जनकपुर सडकखण्ड अवरूद्ध थियो । सडकखण्डको मर्मत सम्भार र बाढीले बगाएको बाटो बनाएर सो सडकखण्ड पूर्णरूपमा सञ्चालन भएको जनाइएको छ । जलेश्वर-जनकपुर सडकखण्डको आधा दर्जन बढी ठाउँमा बाढीले बाटो बगाएको तथा सो सडकखण्डको पर्सा र पिपराबीचमा यातायात नै सञ्चालन हुन नसक्ने गरी बाटो कटान गरेका कारण १५ दिनसम्म यातायात अवरूद्ध थियो ।

### मुटु अस्पताललाई गाडी हस्तान्तण

चन्द्रकान्त खनाल, रूपन्देही । रोटरी क्लब अफ भैरहवाले गौतमबुद्ध सामुदायिक मुटु अस्पताललाई बिरामी बोक्ने गाडी हस्तान्तरण गरेको छ । क्लबले शनिबार एक कार्यक्रमका बीच उक्त गाडी हस्तान्तरण गरेको छ । गाडी रूपन्देहीका जिल्लाका प्रहरी प्रमुख एसपी श्याम ज्ञावलीले मुटुअस्पतालका अध्यक्ष एजाजआलमलाई चापी हस्तान्तण गरे । ज्ञावलीले रोटरी क्लबको पुनित कार्य प्रशंसनीय रहेको बताए ।

### अनेमसंघको टोल कमिटी गठन

वीरगंज । वीरगंज महानगरपालिाका वडा नं. २३ सवैठवा टोलमा अखिल नेपाल महिला संघको वडा कमिटी गठन भएको छ । वडा अध्यक्ष लालबाबु यादवको सभापतित्वमा बसेको बैठकले साविकको वडा नं. ३ मा मिरजापति देवी पंडितको अध्यक्षतामा २१ सदसीय महिला कमिटी गठन गरेको हो । नव गठित कमिटीको उपाध्यक्षमा सुशिला देवी यादव, सचिवमा लालमती देवी पंडित, सहसचिव फुलपती देवी पंडित, कोषाध्यक्षमा कुमारी देवी पासवान,सदस्यहरूमा गीता देवी, धर्मशिला देवी, लक्ष्मी देवी लगायत रहेका छन् ।

### ब्राउनसुगरसहित पक्राउ

बाँके । भारतको रूपहिडिया चौकी बाबागंज बस्ने २५ वर्षीय सलामुदिन साईलाई करीब १० ग्राम लागू औषध ब्राउन सुगर सहित मंगलबार प्रहरीले पक्राउ गरेको छ । नेपालगंज उपमहानगरपालिका-१० आदर्शनगरस्थित साईले चलाएको अटो रिक्सामा जाँच गर्ने क्रममा उक्त लागू औषध फेला परेको हो ।

### लागूऔषध सहित पक्राउ

मोरङ । सुन्दर हरैचा नगरपालिका-६ बस्ने २० वर्षीय आशिष घिमिरेलाई प्रहरीले अवैध लागूऔषध लुपीजेसीक १५ एम्पुल, एभील १५ एम्पुल र डाईजेल्याब १५ एम्पुल सहित पक्राउ गरेको छ । बुढीगंगा गाउँपालिका-४ राहुल पेट्रोल पम्प अगाडि कोशी राजमार्गमा आइतबार प्रहरीले घिमिरेलाई चेकजाँच गर्दा शरीरको विभिन्न भागमा लुकाई राखेको अवस्थामा उक्त लागूऔषध बरामद भएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बालक मृत फेला

बारा । सिम्रौनगढ नगरपालिका-३ बेलही टोल स्थित माइती घरमा बस्दै आएकी रौतहट घर भएकी रबिना खातुनको २ वर्षीय छोरा रसाद अन्सारी मृत अवस्थामा फेला परेका छन् । आइतबार साँझ देखि हराएका बालकको खोजतलास गर्दा छिमेकी मारियन खातुनको घरमा मृत अवस्थामा फेला पारिएको थियो । प्रहरीले घटनाको अनुसन्धानको लागि २० वर्षीया हस्बुन खातुनलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको छ ।

### विद्यालयलाई १ दर्जन पंखा वितरण

वीरगन्ज । संघीय समाजवादी फोरम नेपालका मधेश प्रदेश कोषाध्यक्ष तथा वीरगन्ज महानगपालिकाको मेयरका उम्मेदवार विजय सरावगीले वीरगन्ज छपकैयास्थित ताराचन्द्र निम्न माध्यमिक विद्यालयलाई एक दर्जन पंखा वितरण गरेका छन् । बढेको चर्को गर्मीले गर्दा विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा भइरहेको अपठ्यारोलाई मध्यनजर गर्दै सोमबार दिउँसो विद्यालयमा आयोजित एक कार्यक्रमका बीच विद्यालयलाई नेता सरावगीले उक्त पंखा वितरण गरेका हुन् । पंखा वितरण कार्यक्रममा प्रहरी नयाब उपरीक्षक कमल थापा, विर्ता प्रहरी कार्यालयका प्रहरी निरिक्षक अनिष कर्ण, समुदायिक प्रहरी सेवा केन्द्रका पदाधिकारी तथा युवा नेता नासिर खान लगायतको व्यक्तिहरूको उपस्थिती रहेको थियो ।

### करेन्ट लागेर मृत्यु

सिरहा । धनगढीमाई नगरपालिका-१२ बिष्णुपुर बस्ने १८ बर्षीय अमर यादवको करेन्ट लागेर मृत्यु भएको छ । सोमबार आफ्नै घरमा वाईरिङ गर्ने क्रममा करेन्ट लागेका यादवको उपचारको लागि श्रमजिबि अस्पतालबाट थप उपचारको लागि राउ स्मारक अस्पताल लहान लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आगलागीबाट साढे दुई लाखभन्दा बढीको क्षति

पर्सा । बहुदरमाई गाउँपालिका-८ बस्ने मदन साहको गोठमा बिजुलीको मिटरबक्समा अचानक करेण्ट सर्ट भई आगलागी हुँदा साढे दुई लाखभन्दा बढीको मालसामान जलेर नष्ट भएको छ । सोमबार आगलागी हुँदा गोठ, गोठभित्र रहेको ना.७ प ८२२३ नम्बरको मोटरसाइकल र २ गोरू समेत जलेर करीव २ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ ।

### पुलबाट लडेर वृद्धको मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका-१० मझौवा बस्ने ७४ बर्षीय मथुरा थारू कसलारी खोलाको पुलबाट खसेर मृत्यु भएको छ । शनिबार प्रगतिनगरमा रहेको छोराको पसलमा गई घर फर्कने क्रममा कसलारी खोलाको पुलबाट खसेका उनको उद्धार गर्ने क्रममा मृत्यु भएको थियो ।

### ट्रकको ठक्करबाट सहचालकको मृत्यु

धनुषा । मिथिला नगरपालिका-८ लालगढ स्थित पूर्वपश्चिम राजमार्गमा ना.३ ख ८५९४ नम्बरको ट्रकको ठक्करबाट सहचालकको मृत्यु भएको छ । ट्रक साईड लगाउने क्रममा पछाडिको चक्काले ट्रकका सहचालक मकवानपुर तारूका गाँउपालिका बस्ने २१ वर्षीय किरण लामालाई ठक्कर दिएको थियो । ठक्करबाट घाइते भएकाले उपचारको लागि बिएण्डबि अस्पताल ललितपुर लैजाने क्रममा बाटैमा लामाको मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### पाँच केजी गाँजासहित पक्राउ

मोरङ । जहदा गाउँपालिका-५ बस्ने ५६ बर्षीय रामअवतार कामतलाई प्रहरीले ५ के.जी. लागूऔषध गाँजा सहित पक्राउ गरेको छ । जहदा गाउँपालिका-३ जयरामपुर स्थित भित्री सडकखण्डमा प्रहरी चौकी मझारेबाट खटिएको प्रहरी टोलीले बुधबार चेक प्वाईन्ट राखी चेकजाँच गर्ने क्रममा नम्वर नखुलेको मोटरसाइकल चेकीङ्ग भईरेहको स्थान देखी अंदाजी १ सय मिटर टाढाबाट पछाडी फर्काई भागेपछि प्रहरी टोलीले पछ्याउदै जाने क्रममा चालकले पछाडी सवार कामतलाई उक्त गाँजा भएको झोला झारी चालक फरार भएका थिए ।

### ट्याक्टर प्रहरी नियन्त्रणमा

कैलाली । नदीबाट अवैधरूपमा बालुवा ल्याउँदै गरेका १० वटा ट्र्याक्टरलाई प्रहरीले स्थानीय जाखोर ताल क्षेत्रबाट नियन्त्रणमा लिएको छ । वडा प्रहरी कार्यालय धनगढीका प्रमुख हिक्मत थापाको नेतृत्वमा खटिएको टोलीले कैलालीको खुटिया नदीबाट बालुवा लिएर आउँदै गरेका १० वटा ट्र्याक्टरलाई चालकसहित नियन्त्रणमा लिएको हो ।

# चिनियाँ नीतिले साना देशको अस्तित्व संकटमा



मनोज कुमार कर्ण

**युद्ध गर्न नपाएर हात चिलाएर बसेको छ अर्थात्, युद्धको माहोल खडा हुनेसम्म राष्ट्रपति जिनपिङ्लाई शिरमा उचाल्ने हो तर चीनको हार यदि यीनको गलत नीतिले दुइटा मोर्चामा भएर हार हुन्छ भने तीनै सैनिकले 'काँध'मा राखेर संसारबाट विदाईयात्रा गरिदिने हो ।**

भारत, भूटान र चीनबीचको त्रिदेशीय ठोक्करवाला भू-भाग दोक्लामलाई लिएर रहेको पछिल्लो ७२ दिनको तनाव गत अगस्त २८ तारिख अर्थात् भदौ १२ गतेदेखि भारत-चीनबीच सम्पन्न ठोस दुइटै देशको सैनिकलाई ब्याक गर्ने सहमतिले तत्काललाई टरेको छ । तर यो कहिलेसम्मको लागि भन्ने जानकारहरूको बेचैनी छ । अगस्त २८ तारिखको दुई देशीय सहमतिले भारतलाई विश्वमै एउटा अति जिम्मेवार देश हो भनेर स्थापित गरेको छ । साथै, भारतीय मोदी सरकारको शानदार कूटनीतिक विजय हो । किनकि भारतीय विदेशमन्त्री सुष्मा स्वराजले संसदमा पहिलो चोटी भारतीय धारणा दोक्लाम बारे प्रष्टपार्दै समाधानको उपाय केवल भारतले सेना फिर्ता गरेर हुँदैन अपितु, चीन-भारतको सेना एकैचोटी दोक्लामबाट फर्कनुपर्छ । चीनले दोक्लाममा ओबओर (वान बेल्ट-वान रोड)को बाटो बन्द गर्नुपर्छ भन्ने भारतको प्रष्ट माग थियो । किनकि भूटानले सरकारीस्तरमै भारतलाई लिखितम दिएर भूटानलाई चीनको दादागिरीबाट जोगाई देशकै अस्तित्व रक्षाको लागि अनुरोध गरेको थियो । यस अनुसार चीन-भारत दुइटै सेना दोक्लामबाट ब्याक हुने सहमतिबाट भारतको दमदार कूटनीतिक विजय भएको हो जसबारे यो लेख तयार पार्ने बेलासम्म चीनीयाँ मीडीयाले चीनीयाँ सैनिकको मनोबल बनाईराख्न उल्टै भारतीय फौज ब्याक भएको झूट्टा खबर सम्प्रेषिन गरिरहेको छ । ७२ दिने तनावको क्रममा चीनीयाँ प्रस्तुती जहिलेपनि भारतलाई धम्क्याउने, उक्साउने, चीनीयाँ सेनाको स्वप्रशंसा जस्ता असूर प्रवृत्ति रह्यो भने भारतीय प्रस्तुती विवादलाई वार्ताले विन-विनको अवस्थामा पुऱ्याएर टुंग्याउने । यसै कारणले चीनको आलोचना विश्वमा 'फरेनहाइट ४५१'को दरले बढ्दै उ एक्लिंदै थियो भने भारत एक जिम्मेवार देश हो को स्यावाशी बढेर उ दिनहुँ नयाँ शुभचिन्तक पाइरह्यो । भलै भारतको राजकीय भ्रमणमा नेपालका प्रम शेरबहादुर देउवाले नेपालको विदेशनीति अनुसार नेपालको अस्तित्व रक्षाको लागि तटस्थ बसिदिए, त्यो बेग्लै कुरा हो ।

चीनीयाँ नेता माओत्जे तुङ्गको 'औन कन्ट्राडिक्सन्स' भन्ने पुस्तक छ । उक्त किताबमा कम्युनिस्ट नेता तुङ्गले युद्धनीतिबारे राम्रो उल्लेख गरेका छन् । उनले सैनिकसँग छापामार युद्ध गरिरहेका माओवादी जनमिलिसिले सैनिकलाई हराउने बारे उल्लेख गरेका छन्, 'यदि शत्रु बलियो छ भने हामीले युद्ध विराम गनुपर्छ, शत्रु हाम्रो इलाकामा प्रवेश गरे भने हामीले सेल्टरमा जानुपर्छ र जब शत्रुले हामीलाई निस्तेज भयो भन्ठानेर हाम्रो इलाकाबाट फर्किन लाग्यो भने हामीले बाहिर आएर पछाडीबाट आक्रमण थाल्नुपर्छ ।'

यो स्तम्भकारलाई हालको चीनीयाँ सेना दोक्लामबाट फिर्ता गरिनु, उल्टै भारतलाई तलपारेर उसको मीडीयाले समाचार बनाइराख्नु कि भारतीय सैनिक नै पछि हट्यो अनि उता उत्तर कोरिया र अमेरिकाबीच सोहि समयमा विवाद बढ्नुले चीन ब्याक भएको भित्रैबाट मान्न सकिंदैन अपितु चीनीयाँ पिएलएका सैनिकहरू ऋाजपनि माओत्जे तुङ्गको युद्धनीति अनफेवरेबल कन्डिसनमा पछ्याइरहेको देखिन्छ । अर्थात्, तत्काल जसरी भारत-जापान-अमेरिका-द.कोरिया-युरोपियन देशहरूको अलायन्स एकातिर बन्यो र एक्लो चीनको दुश्मनी यता दोक्लाममा र उता उ.कोरियामार्फत् अमेरिकासँग हुन पुग्यो, यसले चीनले राम्ररी आफ्नो सर्वनाश देख्यो । चीनको कम्तिमा नौ टुक्रा अवश्यंभावी थियो भने यत्रो चीनीयाँ कम्युनिष्ट साम्राज्यलाई तहस-नहस पारेकोमा चीनकै सैनिकको हाथबाट सी-जीनपिङ्को प्राण संकटमा थियो किनकि चीनीयाँ सैनिक कुनै लोकतान्त्रिक देशको सैनिक होइन । त्यो जनमिलिसिया हो । युद्ध गर्न नपाएर हात चिलाएर बसेको छ अर्थात्, युद्धको माहोल खडा हुनेसम्म राष्ट्रपति जिनपिङ्लाई शिरमा उचाल्ने हो तर चीनको हार यदि यीनको गलतनीतिले दुइटा मोर्चामा भएर हार हुन्छ भने तीनै सैनिकले 'काँध'मा राखेर संसारबाट विदाईयात्रा गरिदिने हो ।

यहाँ भ्रम नरहोस्, चीनले अमेरिकासँग उतरकोरियाको विवाद सल्टाएर पुनः दोक्लाममा सैनिक तैनाथ गर्नेछ किनकि उ 'ओबओर' अर्थात्, एक क्षेत्र-एक सडक बनाउने मनसुबाबाट पछाडी हटेको छैन र त्यसैले चीनीयाँ मीडीया र सैनिक हालसम्म भारतलाई धम्क्याउन छोडेको छैन । भारतीय अनुमान अनुसार सन् २०१८ सम्म भारत-चीन बीच युद्ध हुनेछ । यहाँ चीन माओत्जे तुङ्गको धोकेबाज युद्धनीतिमा चलेको देखिन्छ भने भारत श्री कृष्णले महाभारतमा युद्ध अवश्यंभावी देखेरपनि भविष्यमा लोकोपवादबाट बच्न स्वयँ कौरवसँग शान्तिवार्ताको प्रस्तावलिएर गएको जस्तो भूमिकामा भारत उल्टै विवादलाई वार्ताद्वारा सुल्झाउनेबाट छ । युद्ध त भारतलेपनि चाहेकै छ किनकि सन् १९६२ को युद्धमा चीनले 'हिन्दी-चीनी भाई भाई'को नारा दिएर युद्ध नगर्ने बताएर अचानक भारतीय सैनिकमाथि फायर खोलेर असुरयुद्धको संकेत दिएर आजपर्यन्त भारतलाई जिस्काइरहेको छ जसलाई भारतले राम्रो जवाफ यसपाली दिनेनैछ । स्मरणीय छ, केहिदिन अघि कोलकातामा चीनीयाँ डिप्लोम्याटले भारत-चीन बीच दिदि-भाईको सम्बन्ध बताएकै भोलीपल्ट चीनीयाँ सैन्य प्रवक्ताले दोक्लामबाट भारतीय सैनिक नहटे पन्ध्र दिन भित्रमा सानो सैन्य कार्वाई गर्ने र भारतीय सैनिकलाई खेद्ने भनिरहेको थियो । अर्थात्, उ.कोरियाबाट फुर्सद्पाउने बित्तिकै चीन भारतविरूद्ध नबढ्ला र ओबओरलाई विराम त्यति सजिलै लगाउलान् भनी पत्याउन सकिंदैन । भारतलाई दोक्लाममा चीनीयाँ सडक निर्माण रोकेन भने उसको पुर्वोत्तर ९ वटा राज्य सिक्किम चीनको प्रभावमा परेर बाँकी भारतसँग सम्पर्क टुटेर बर्वाद हुने चिन्ता छ भने यसै युद्धमा पाकिस्तानसँगपनि बदलालिने मनसाय छ । त्यसैले भारतलेपनि युद्ध चालेको दोष चीनमाथि थोपरेर चीन-पाकिस्तानसँग निर्णायक युद्धगर्ने मनसायमा नै छन् किनकि तत्काल सैनिक दुइटै देशले पछाडी हटाएपनि दुवै देशका राष्ट्रपतिहरू सैनिक परेडमा दोक्लाम नजिक भाग लिइसकेका छन् भने महायुद्धका सामग्रीहरू दुवैले तैनाथी गरेका र गरि नै रहेका छन् । यस बीचमा चीनले आफ्नो पक्षमा कूटनीतिक लबी र सैन्य अन्य तयारी तीव्र पार्नेछन् । र, भारत यी सबै कुराको जानकार छ ।

नेपालका एमाले अध्यक्ष केपी ओलीले केहि दिन अघि तिब्बतको यात्रा भनेर कसैलाई नेपालमा अत्तोपत्तो नदिईकन चीन एकसाताको लागि पसेका थिए । त्यहाँ उनले चीनलाई नेपालबाट संघीयता हटाइदेउ र मलाई सरकार बनाउन सघाउ भनेर गिड्गिडाएका थिए । माथि चीनको बारेमा जतिपनि उल्लेख खासगरि धोका, गिदरभम्की, षड्यन्त्र आदि लेखियो, ती सबै नेपालका चीनप्रभावी पहाडीहरू अर्थात् थोरै काँग्रेस र बढी राजावादी तथा कम्युनिस्टहरूमा लोकतन्त्र तथा मधेशीविरूद्ध भावनाहरू छन् । यदि केपी ओली, सीपी मैनाली, कमल थापा तथा केही कट्टर राजावादीहरूलाई नेपालको लोकतन्त्र र मधेशीविरूद्ध रोक्ने हो भने यीनीहरूका आका चीनलाई नेपालबाट नाकमा नत्थी लगाउनु जरूरी छ । अर्थात्, अरूले भारतलगायत विश्वको भ्रमण गर्दा कूटनीतिक विचलन भनेर कराउने केपी ओलीहरू चीनमा विना निम्त्यालु एउटा भूपू प्रम भएर के गर्न जाँदा रहेछन् ? यस्तालाई अंग्रेजीमा इमोरल नभनेर एमोरल भनिन्छ, जसको अर्थ ओलीहरूका अंग्रेजी पढ्ने पीएहरूले बताइदेलान् । कम्तिमा कोरला नाकामा नेपाल-चीनको बोर्डरमा नेपालको तर्फबाट चीनीयाँहरूले आजसम्म लेखेको अपमानजनक वाक्य 'नेपाल चोर लुटेरा असभ्यहरूको देश'लाई चीनका धर्मपुत्रहरूले मेट्न लगाउनु पऱ्यो नि !

बीपी कोइरालालाई २०१६ सालतिर नेपालका चारवटा गाविस चीनमा हो भनेर यिनै माओत्जे तुङ्गले भन्दा कोइरालाले चीनको उसको नक्कली नक्साको ठाउँमा युएनओको नक्सा पेस गरेर त्यो नेपालको भनेका थिए जसलाई कीर्तिनिधि विष्ट प्रधानमन्त्री हुँदा सिंहदरबारमा जुन आलमिडामा थियो, त्यसैमा आगो लगाएर रातभरी त्यो नक्सा राम्ररी जल्न दिएर भोलीपल्ट मात्र दमकल पठाएर चीनको खबासी र नेपालको तर्फबाट आफू कपूत रहेको भनेर गद्दारी गरेका थिए । तिनै चीनीयाँ सैनिकले नेपाली सैनिकलाई विगतमा मारेर फालेका थिए । जनस्तरमा बुझ्ने हो भने खासामा बोर्डर बन्द हुन लाग्दा १ मिनेट पनि नेपालीहरू उत्ताको बजारबाट फर्कन ढिलाइ गरेभने चीनीयाँ सैनिकहरूले अपशब्द प्रयोग गर्दै ढाठ बन्द गरिदिन्छन् भने रातभरी होटलमा बस्न बाध्य पार्छन् । महिला छन् भने इज्जतसमेत लुट्छन् । हाम्रै क्याम्पसका एकजना कल्चरकी एकजना मैडम खासा जाँदा पसलमा सामान किन्न भाउ सोद्धा महँगो लागेर निस्कन खोज्दा व्यापारीले अपशब्द प्रयोग गरि आँखा तर्दै किन पसिस् पसलमा भनेर अपमानित गरेका थिए । निज पहाडनी मैडमले चीनसँग हाम्रो रिलेसन कुनैपनि स्तरमा हुनै सक्दैन भन्नु हुन्छ । चीनले नेपालमा नक्कली सामान, महंगो सामान पठाउने तथा डेट एक्सपायर दूधको विषालु चकलेट एकै रूपैयाँमा भनी पठाएको हो ।

उनै चीनका उपप्रधानमन्त्रीले प्रम देउवाको पछिल्लो भारतभ्रमण अघि नेपाल आएर विन बुलाए मेहमानको रूपमा 'नेपाललाई भारतबाट मधेशलिने खतरा छ' भनी चीनको पक्षमा तर्साएर तान्ने प्रयास गरेका थिए । भारतले लिने इच्छा नै भए राजा त्रिभुवनले २००७ सालमै लिखितिम सम्पूर्ण मधेश एक क्षेत्र र सम्पूर्ण पहाडी क्षेत्र अर्को चुनावीक्षेत्रमा बाँडेर कुनै एउटाबाट मेरा वंशज सधैं भारतको करण सिंहले जित्ने जस्तो व्यवस्था गरेर नेपाललाई भारतमा गाभ भन्दा नै लिइहाल्ने थियो जुन चिट्ठि आजसम्म पनि भारतको दिल्लीमा नेसनल लाइब्रेरीमा सुरक्षित छ । वास्तवमा भारतलाई चीनजस्तो झगडीया र एग्रेसिभ छिमेकीबाट बच्न नेपालको संरक्षण अलग देशको रूपमा अपरिहार्य छ भने चीन नेपाललाई हडपन भरमग्दूर प्रयास गरिरहेको छ । आज केपी ओली तथा राजावादीहरूले मधेशीलाई विदेशी, भारतीय तथा देशद्रोही भनीरहेका छन् । सत्य यो हो कि आज पूर्वराजा ज्ञानेन्द्रलाई फर्काउन चीनको कम्युनिष्टिकरणमार्फत् केपी ओली थाइल्याण्डमा ज्ञानेन्द्र रहेकै बेला गएका छन् ।

चीनको यस्तो अर्को देशमा राजनैतिक घूसपैठ तथा देशहरू असंलग्न विदेश नीतिलाई लत्याउनुले पाकिस्तान चार टुक्रा, नेपाल दुई टुक्रा भई मधेश नयाँ देश तथा पूर्व-पश्चिम राजमार्ग माथिको सम्पूर्ण पहाडी भाग चीनमा मिसिन गइरहेको, उतरकोरियाको समूल नष्ट हुने तथा भूटान भारतमा गाभिने अनि स्वयँ चीन कम्तिमा नौ टुक्रामा बाँडिन गइरहेको छ । मधेशीहरू नेपालमा सरकार, सत्तामा नरहेपनि संसारमा केपी ओली तथा राजावादीहरूको चीनीयाँ राष्ट्रवादमा लागिकन भारत-चीनबीचको तनावमा चीन वा कसैको पक्षमा नरहेको भनी नेपालको संसद वा कूटनीतिक नियोगमार्फत् तत्काल जनाउ दिन सक्छ र दिनुपर्छ । मधेशका विद्यालयहरूमा राम्ररी शिक्षकहरूलाई तथा राजनीतिक दलको कार्यक्रममार्फत् चीनको घूसपैठ बारे भंडाफोर गर्न सकिन्छन् । चीनले यस्ता हर्कतहरू नरोक्दा नेपाल र मेधशीको लागि सांस्कृतिक, राजनीतिक, व्यापारीक आदिरूपमा प्रेम त टाढाको कुरा, उ नफरतकोपनि काबिल छैन ।

(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)

## आत्मरक्षा तालिम



*आत्मरक्षा तालिम लिँदै कपिलवस्तुका*

दिलिपकुमार यादव, कपिलवस्तु । किशोरीहरूमाथि हुनसक्ने दुर्घटना तथा दुर्व्यवहारबाट जोगिनका लागि कपिलवस्तुमा आत्मरक्षा तालिम चल्दै आएको छ । कपिवस्तुमा किशोरीहरूमाथि हुने जवरजस्ती करणी, बलात्कार, दुर्व्यवहार जस्ता कृयाकलाप बढिरहेको बेला यस्तो तालिमको आयोजना गरिएको हो ।

खासगरी, किशोरीहरूमाथि हुँदै आएको यौन हिंसाबाट जोगिनका लागि यो तालिमको अयोजना गरिएको परित्रणाका कार्यक्रम निर्देशक विक्रान्त पाण्डेले बताए । यस्ता कार्यक्रमले किशोरीहरूलाई शारिरीक बचावट मात्रै हैन, मनसिक, बोल्ने शैलीको विकास हुने गरेको छ ।

कपिलवस्तुमा यस्तो प्रकारको तालिम पहिलो पटक भइरहेको छ । पारम्परिक मार्सल आर्ट्स र लाडई, प्रतिस्पर्धात्मक खेल प्रणालीमा आधारित शारीरिक कौशलता प्रदान गर्दछ । किशोरीहरू माथी हुने विभिन्न किसिमको दुर्व्यवहारलाई कसरी प्रतिकार गर्ने, अपराधीलाई कसरी तह लगाउने विषयमा तालिम दिइरहेको अर्का प्रशिक्षक उद्धव थापाले जानकारी दिए ।

परित्रणाको अयोजनामा भएको आत्मरक्षा तालिममा जिल्लाका विभिन्न समुदायका ५३ जना किशोरीहरूको सहभागिता रहेको सर्च फर कामन ग्राउण्डका जिल्ला संयोजक रूकैया खातुनले जानकारी दिइन् ।

युके एड, तथा सर्च फर कामन ग्राउण्डको आर्थिक सहयोगमा संचालित तालिमको २ जना महिला तथा २ जना पुरूषहरूले प्रशिक्षण गरिरहेका छन् । ५ दिन चल्ने तालिममा किशोरीहरूले आफ्नो रक्षा आफै गर्न सकिने सर्च फर कामन ग्राउण्डकी खातुनले विश्वास व्याक्त गरिन् ।

## मध्य नेपाल सन्देश पत्रिकाको वार्षिकोत्सव समपन्न

पर्सा । महिला सञ्चारकर्मीहरूको सक्रियतामा प्रकाशित 'मध्य नेपाल सन्देश' पत्रिकाको पहिलो वार्षिकोत्सव समारोह कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघको सभाहलमा आयोजित कार्यक्रममा पत्रिकाले आफ्नो पहिलो वार्षिकोत्सवको अवसर पारेर मध्य नेपाल डट कम वेभसाईट समेत सञ्चालनमा ल्याएको छ ।

कार्यक्रममा पर्साका निम्ति प्रमुख जिल्ला अधिकरी दुर्गादत्त पौडेलले मध्य नेपाल डट कम वेभसाईट क्लिक गर्दै वेभसाईटको उदघाटन गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै निम्ति प्रजिअ पौडेलले पुरूष पत्रकारहरूको भिडमा महिलाहरूकै सक्रियतामा प्रकाशितमध्य नेपाल पत्रिकाको चुनौति धेरै भएपनि अवसरहरूको खोजि नेपाल पत्रकार महासंघ र अरू सम्बद्ध संघ संस्थाहरूले व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका थिए । प्रतिस्पर्धी युगमा स्वस्थ्यकर प्रतिष्पर्धा गर्न आग्रह गर्दै निम्ति प्रजिअ पौडेलले समाजलाई लाभ हुने खालका समाचार प्रकाशित प्रशारित गर्न आग्रह गरेका थिए । स्थानीय निकायको निर्वाचन नजिकिँदै गर्दा चुनाव लगयतको गतिविधि समेत समेटेर मध्य नेपाल पत्रिका र वेभसाईट सिङ्गो नेपालको सन्देश बन्न सकोस् भन्दै उनले शुभकामना दिएका थिए । सञ्चारकर्मी लक्ष्मी खरेलले स्वागत गरेकी कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष श्याम बन्जाराले महिलाहरूले प्रकाशित गर्दै आएको यस पत्रिकाले पाठकहरूलाई चाहिने फरक प्रकारका खुराक ल्याएर पुरूष सञ्चारकर्मीहरूलाई समेत चुनौति थपेको बताएका थिए ।

उनले पत्रपत्रिकाको भिडमा सहि सूचना प्रवाह गरी पाठकहरूबाट कुनैपनि प्रकारका गुनासाहरू नआउनु नै समाजमा स्थापित हुन खोजेको सन्देश दिनु भएकाले दैनिक पत्रिका सञ्चालन तर्फ यस सञ्चार गृहले अगाडी बढ्नु पर्नेमा सुझाव दिएका थिए । यसैगरी उद्योग वाणिज्य संघका उपाध्यक्ष सुबोध गुप्ताले देशकै आर्थिक नगरीबाट प्रकाशित यस पत्रिकालाई बारा, पर्सा मात्रै नभई सिङ्गो २ नम्बर प्रदेशको समेत प्रतिनिधित्व गर्न सक्नुपर्नेमा जोड दिएका थिए ।


सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरूपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


## पेशागत जिम्मेवारी निर्वाह गर्न आग्रह

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका नेता लक्ष्मणलाल कर्णले पार्टीका पत्रकारलाई रोक्न सक्ने संयन्त्र के हो ? आस्था राख्नु, आवद्धता हुनु अलग कुरा भएको भन्दै दासता स्वीकार्नु, इमान र जिम्मेवारी बेच्नु नहुने भन्दै पत्रकारको संरक्षण पार्टीले होइन, प्रेस काउन्सिल नेपालले गर्नुपर्ने धारणा राखे ।

निर्वाचन आयोगको अनुगमनप्रति लक्षित गर्दै प्रभावकारी अनुगमन हुन नसकेको, खर्चको सीमा नरोकिएको र यसप्रकारको महङ्गो निर्वाचनले प्रजातन्त्र धरापमा पर्न सक्नेतर्फ ध्यानाकर्षण गराए । प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले मधेशका मिडियालाई प्रोत्साहित गर्नेतर्फ लाग्ने प्रतिवद्धता व्यक्त गर्दै पत्रकारितामा सहज प्रवेशले प्रेसको गुणस्तरतामाथि प्रश्न उठ्ने गरेको प्रसंगमा अन्य तीन अंगलाई औंला ठड्याउने पत्रकार आफूपनि जिम्मेवार बन्नुपर्ने धारणा राखे । संघीय समाजवादी फोरमका नेता डा. शिवजी यादवले मधेशतिरको नकारात्मक न्युजलाई मात्र उठान गरेको, तिक्ततापूर्ण स्थितिलाई सौहाद्रपूर्ण बनाउन पत्रकार जिम्मेवार बन्न र काउन्सिलले प्रभावकारी अनुगमन गर्न आग्रह गर्दै चुनावमा जाने निर्णयले मधेशमा पत्रकारिता सहजता भएको बताए । प्रेस काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले हाल प्रविधिबाटै रेडियो, टिभी र अनलाइनको अनुगमन भैरहेको र यसै बर्षदेखि छापामाध्यमको अनुगमन पनि प्रविधिबाटै हुने धारणा राखे । यसका लागि पत्रपत्रिकाको पिडीएफ फाइल पठाउनुपर्नेछ । बिद्युतीय माध्यम अनुगमन उपसमिति संयोजक तथा उप प्रशासकीय अधिकृत रामशरण बोहराले निर्वाचन आचारसंहिता अनुगमन, अनुगमनको विधि, उल्लघंनको प्रवृतिसहितको प्रतिवेदनको समीक्षा प्रस्तुत गरे ।

प्रेस काउन्सिल नेपालको आयोजनामा आइतबार राजधानीमा आयोजित "तेस्रो चरणको निर्वाचनमा मिडियाको भूमिका" बिषयक मिडिया सम्वाद कार्यक्रममा परराष्ट्रबिद् हिरण्यलाल श्रेष्ठले मधेश आन्दोलनका आरोप प्रत्यारोप, प्रोपोगाण्डाबीच दुई नम्बर प्रदेशमा हुन गइरहेको निर्वाचनलाई स्वच्छ, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न हिंशाविरूद्धको लेखन गर्न सक्ने पत्रकार आवश्यकता औंल्याए ।

## सर्भिलेन्स रोवोट सशस्त्र प्रहरीलाई हस्तान्तरण



काठमाडौं । जिबिएस (गणेश बिक्रम सिंह) ग्रुप काठमाडौंले सशस्त्र प्रहरी बल नेपाललाई एउटा सर्भिलेन्स रोवोट प्रदान गरेको छ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा बुधबार आयोजित एक कार्यक्रमबीच सशस्त्र प्रहरी महानिरीक्षक सिंह बहादुर श्रेष्ठलाई सो ग्रूपका इन्जिनियर गणेश बिक्रम सिंह आले र इन्जिनियर यज्ञप्रसाद देवकोटाले उक्त रोवोट हस्तान्तरण गरेका छन् । विपद व्यवस्थापनको कार्यमा सशस्त्र प्रहरी बल नेपालको भूमिका सराहनीय रहेको भन्दै सो ग्रूपले विपदमा विभिन्न बस्तुस्थितिका बारेमा जानकारी दिन सक्ने उक्त रोवोट एपीएफलाई प्रदान गरेको हो । सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले सो अवसरमा विपद लगायतका घटनामा खोजी तथा उद्धार कार्यमा यस्ता उपकरण उपयोगी रहने उल्लेख गर्दै यस रोवोटको प्रयोगबाट सशस्त्र प्रहरी बल नेपालको व्यावसायीक कामकारवाहीमा सहयोग पुग्ने बताए । उनले उद्धार तथा मानवीय सेवा र सुरक्षा कार्यमा समेत यस किसिमको प्रविधि सहायकसिद्ध रहने विश्वास व्यक्त गर्दै संगठनले उक्त रोवोटलाई सिर्जनात्मक ढंगबाट निरन्तर रूपमा प्रयोगमा ल्याइ नागरिकको सेवामा योगदान पुऱ्याइ रहने उल्लेख गरे ।

चितवनको कुरिनटारमा विपद व्यवस्थापन तालिम केन्द नै स्थापना गरेर संगठनले विपद व्यवस्थापनका लागि दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको उल्लेख गर्दै सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले बलले आफ्ना विभिन्न इकाईहरूमा विपद व्यवस्थापन टोली तैनाथ गरेको बताए । बलको प्रधान कार्यालयमा रहेको विपद व्यवस्थापन महाशाखाले विपद प्रकोपको अवस्थामा सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कार्य गर्दै आएको उल्लेख गर्दै सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले भने - 'एपीएफलाई सहयोग गर्नु भनेको देश र जनतालाई सहयोग गरे सरह हो, जनस्तरबाट संगठनको कामको प्रसंशासहित हुने यस्ता सहयोगले हामीलाई दायित्व निर्वाहमा उर्जा मिल्छ ।'

## विश्व परिवेश

# वर्षौंदेखि सिन्चियाङ्ग आतंकित हुँदै आएको छ

-मञ्जुर अहमद

पाकिस्तानको सीमासँग जुडेको चीनको पश्चिमी प्रान्तमा रहँदै आएका १० मिलियनभन्दा बढी मुशलमान वर्षौंदेखि आफ्नो विशिष्ठ संस्कृति र परम्पराअनुरूपको धार्मिक स्वतन्त्रताअनुरूप बाँच्न पाउननिमित्त संघर्षरत रहँदै आएका छन् । कम्युनिष्ट चीनले चीनको कम्युनिष्ट पार्टीद्धारा निर्धारित लालरेखाबाहिर रहेको धर्मलाई शंकास्पद मान्दै त्यस्तै धार्मिक आस्था राख्नेहरूप्रति दमनकारी दृष्टिकोण राख्दै आएको छ । विश्वका अधिकांश भागका सरकारले खतरनाक लागूपदार्थहरू तथा गलत दृष्टिकोण राख्ने सञ्चार माध्यममाथि आफ्ना नागरिकहरूको हितको संरक्षण गर्ननिमित्त प्रतिबन्ध लगाउने गरेका छन् भने बेजिङ्गले त्यस्ता नामहरूको सूची तयार गर्दै आएको छ, जो चीनमा रहेका मुशलमान जनसंख्याले प्रयोग नै गर्न सकोस् ? चीनले तयार पारेका २९ वटा प्रतिबन्धित नामहरूमध्ये मुहम्द र जिहाद आदि रहेका छन्, जो इश्लाम धर्मको राजनीतिक व्यक्तित्वहरूसँग सम्बन्धित रहेको छ र त्यसबाहेक अन्तिम निर्णय हान समुदायका स्थानीय सरकारका पार्टीका अधिकारीसँग छलफल गरेपछि गाभिने जनाएको छ । चिनियाँहरूले वर्षौंदेखि सिन्चियाङ्गका मुशलमानहरूलाई आतंकित पार्दै आएका छन्, जवर्जस्ती तिनीहरूलाई पसल बन्द गर्न घरबाट



बाहिर निष्कन सशस्त्र प्रहरीको निगरानीमा बाध्य पार्दै तिनीहरूलाई प्राय: आतंकवादी घोषित गर्दै आएका छन् ।

सिन्चियाङ्गका मुशलमानहरूको हुने नियमित सार्वजनिक बैठकमा सहभागी हुने मुशलमानहरूलाई सशस्त्र प्रहरीहरू लगाएर चिनियाँ राज्यप्रति वफादारीको जवरजस्ती शपथ लिन लगाइ घोर दमन गर्ने गरिएको छ । तर, वास्तविकता यो छ कि सिन्चियाङ्गमा बस्ने मुशलमानहरू चीनका आधिकारीक नागरिक रहेका छन् र लिखितरूपमा त्यस्ता आधिकारीक उपभोग गर्दै आएका छन् । तर पनि चीनले त्यहाँको सिन्चियाङ्ग प्रान्तमा रहेका मुशलमानहरूमाथि गर्दै आएको घोरदमनबारे पाकिस्तानले मौनता साँधेर बसेको छ । चीनमा रहेका मुशलमान नागरिकहरूमाथि हुने दमनप्रति पाकिस्तानले मानवीय पतनको पराकाष्ठा प्रदर्शित गर्नुले राजनीतिकस्तरको गोप्य सम्वद्धता प्रदर्शित गर्दछ । गत रमजानको अवधिमा चिनियाँ अधिकारीहरूले घोरप्रतिबन्ध लगाएपछि ठूलो आक्रोश हुँदा पाकिस्तानले एक आधिकारिक प्रतिनिधिमण्डललाई चीनले गरेको ठूलो बेवास्ताको छानबिन गर्न पठाए पनि त्यसले गरेको काम-कारबाही रहस्यमय नै रहको छ ? कुनै प्रतिवेदन कहिल्यै पनि सार्वजनिक नगरिएकाले इश्लामावादले पनि आफ्ना नागरिकलाई धोका दिएको शर्मनाक प्रसंगले गर्दा चीनले मुशलमानहरूमाथि गर्दै आएको दुर्व्यवहारप्रति पाकिस्तानमा समेत विस्तारै त्यस प्रसंगलाई लिएर विरोधको स्वर गुञ्जिन थालेको छ ।

सि जिनपिङ्ग चीनको राष्ट्रपति भएको २ वर्षभित्रै युघुर मुशलमानहरूमाथि घोरदमनकारी दृष्टिकोण अपनाइ त्यसैअनुरूप सिन्चियाङ्गमा निर्दोष पुरूष र महिलासमेत गरी २७१६४ जनालाई सन् २०१४ मा गिरफ्तार गर्ने घोरकठोर अभियान सञ्चालन गरेका थिए । अर्को वर्षको रमजानको उपवास गर्ने कर्मचारीहरू, विद्यार्थी तथा शिक्षकलगायत विश्वविद्यालय एवं काम गर्ने कारखानाहरूमा रहेका कर्मचारीले उपवास नगर्ने घोर प्रतिबन्ध चिनियाँ अधिकारीहरूले लगाए भने युघुर समुदायद्धारा सञ्चालित रेष्टुरेण्टहरू तथा महाविद्यालय तथा कार्यस्थलमा रहेका अधिकारीहरू मध्ये खाना नखानेहरूको सूचीसमेत तयार पारेका थिए । त्यसका बाबजुद दारी पाल्ने र इश्लामिक लुगा लगाउनेहरूलाई सार्वजनिक बसहरूमा यात्रा गर्न नपाउने प्रतिबन्धसमेत लगाउनुका साथै दारी पालेका मुशलमान यात्रीहरूलाई आफ्नो ट्याक्सीमा लैजाने ट्याक्सी ड्राइभरहरूको लाइसेन्स रद्द गर्ने चेतावनीसमेत दिइएको थियो । सन् २०१५ मा समाचारपत्रहरूको प्रतिवेदनअनुसार कसगरमा दारी काट्न अस्विकार गर्नेलाई ६ वर्षका लागि जेल सजाय दिइएको थियो भने सन् २०१६ मा अक्सुमा एकजना किसानले स्थानान्तरणसम्बन्धी फिल्म हेर्दा उसलाई सात वर्षसम्म कैदमा राखिएको थियो । ती सबै असफल भएपछि सन् २०१६, अप्रिलमा चिनियाँ सरकारले धार्मिक मामिलासम्बन्धी एक सम्मेलन आयोजना गरेर त्यसमा राष्ट्रपति सि जिनपिङ्गले मौलवी र इमामहरूले कम्युनिष्ट पार्टीको शक्तिलाई शीरोधार्य गर्नुपर्ने घोषणासमेत गरेका थिए । सन् २०१५ को तुर्कीमा भएको जी २० मिटीङ्गमा चिनियाँ परराष्ट्रमन्त्री वाङ्गीले निर्लज्जतापूर्वक उनको देश आतंकवादीपीडित रहेको बारेमा मौनता साँधे पनि तिनीहरू सिन्चियाङ्गमा आतंकवादविरूद्ध संघर्ष सञ्चालन गर्दै आएकोबारे समेत अभिव्यक्ति दिएका थिए । विडम्बनाको कुरा स्वयं दोहोरो मापदण्ड अपनाए पनि अन्तराष्ट्रिय समुदायसँग सहयोगको चाहनासमेत उनले व्यक्त गरेका थिए । (राष्ट्रवाणी साप्ताहिकबाट)

## पत्रपत्रिकाबाट...

# लडाकु शिविरको करोडौं रूपैयाँ बेरूजुलाई वैधता

काठमाडौं । राजनीतिक बार्गेनिङको हतियार बनाइएको माओवादीका पूर्वलडाकुका लागि शिविर व्यवस्थापनमा भएको बेरूजुले एकाएक वैधता पाएको छ । शान्ति प्रक्रियामा आएपछि माओवादी लडाकुको शिविर व्यवस्थापनका नाममा भएका विवादास्पद खर्च र बेरूजुलाई माओवादी सरकारमा भएका बेला महालेखाले करिब ४६ करोड रूपैयाँलाई सदर गरी वैधता दिएको हो ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयअन्तर्गत रहेको यस्तो बेरूजु महालेखाले फर्स्योट गरेपछि शिविर व्यवस्थापनका नाममा भएका विवादास्पद खर्चले वैधता पाएको हो। ०७३ असारमा शान्ति मन्त्रालयको बेरूजु ८० करोड रूपैयाँ थियो। मन्त्रालयले कुल बेरूजुमध्ये असार मसान्तमा आइपुग्दा २४ करोड १४ लाखमा झारेको छ। ७० प्रतिशत हाराहारीमा मन्त्रालयले बेरूजु फर्स्योट गर्दा क्यान्टोनमेन्टलगायत माओवादीले गरेको खर्चले वैधता पाएको हो। बेरूजु फर्स्योट मूल्यांकन तथा अनुगमन समितिका सदस्यसचिव कृष्णनाथ खनालले माओवादी शान्ति प्रक्रियाको बेरूजु फर्स्योट भएर सकिएको बताए । उनले भने, 'मन्त्रालयले कागजपत्र पेस गरेर खर्चको जस्टिफाई (पुष्टि) गर्‍यो, महालेखाले स्विकार्‍यो।'

५ मंसिर ०६३ मा माओवादी शान्ति प्रक्रियामा आएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादी लडाकुको भरणपोषणका लागि ५५ करोड ३६ लाख २३ हजार पेस्की दिएका थिए। उक्त रकमबाट नौ करोड २५ लाख ५६ हजार रूपैयाँ मात्र फर्स्योट भएको थियो। बिल भरपाई नभएर ४६ करोड १० लाख ६७ हजार बेरूजु थियो। २१ वैशाख ०६९ मा मन्त्रिपरिषद् बैठकले उक्त बेरूजुलाई विशिष्ट समयमा भएको खर्च भन्दै मिनाहा गर्ने निर्णय गरेको थियो ।

शान्ति प्रक्रियामा आउँदा माओवादीले ३१ हजार लडाकु भएको तथ्यांक सरकारलाई बुझाएको थियो। त्यसका आधारमा सरकारले उनीहरूलाई मासिक ६ हजार पाँच सय दिन थाल्यो। राष्ट्रसंघीय शान्ति मिसन (अनमिन) ले पहिलो र दोस्रो चरणमा गरी प्रमाणीकरण गर्दा ११ हजार तीन सय ९८ अयोग्य देखिए। अनमिनको प्रमाणितपछि शिविरको रेखदेख सरकारले गर्दै आएको थियो। मासिक भत्ता बाँड्न जाने सरकारी टोलीले माओवादी लडाकुको संख्या कम भएको सरकारलाई जानकारी गराएपछि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले अनमिन प्रमुखलाई बोलाएर लडाकुको संख्या मागेका थिए। म्याद नथपिएका कारण अनमिन फिर्ता भएपछि लडाकु रेखदेख पुनःस्थापना तथा समायोजन विशेष समितिले ३० कात्तिक ०६८ मा लडाकुको संख्या अध्यावधिकको काम थाल्यो। समितिले १७ हजार ७६ लडाकु मात्र शिविरमा रहेको भेट्टायो। ३१ हजार लडाकुबाट सुरू भएको राज्यकोष खर्च १७ हजारमा झरेर मात्र माओवादीको समायोजन र बिदाइ गरिएको थियो। मन्त्रालयका प्रवक्ता रामप्रसाद भट्टराई माओवादी लडाकुको खर्च 'सेटल्ड' (समाधान) भएको बताउँछन्। उनले भने, 'हामीले धेरै मिहिनेत गरेर कागजपत्र भेला गर्‍यौं। औपचारिक ठाउँमा नभएका कतिपय कागजपत्रका कारण रहेको बेरूजु अब सकियो।'

२२ कात्तिक ०६८ मा माओवादी लडाकुलाई तह मिलान गरी बिदाइ गर्ने निर्णय गरिएको थियो। बिदाइमा नाम परे पनि बिदाइ हुने दिन २३ चैत ०६८ सम्म पैसा लिन नआएका लडाकुको नाममा रहेको ८० लाख रूपैयाँ महालेखाले यसअघि नै सरकारको खातामा तानिसकेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ३१ भदौ ०७३ मा माओवादी लडाकुसम्बन्धी अनियमितताको अनुसन्धान अन्तिम चरणमा पुगेको जनाएको थियो। प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल भारत भ्रमणमा रहेका बेला अख्तियारले पत्रकार सम्मेलन गरी अनियमिततामा संलग्न महत्ववपूर्ण पदाधिकारीलाई बयानमा बोलाउने जनाएको थियो।

शिविर व्यवस्थापनको बेरूजु वैध

( महालेखाद्धारा ४६ करोड रूपैयाँलाई सदर

( ०७३ असारमा शान्ति मन्त्रालयको बेरूजु ८० करोड

( गत असार मसान्तमा आइपुग्दा २४ करोड १४ लाख

( लडाकु भरणपोषणका लागि ५५ करोड ३६ लाख २३ हजार निकासा

( नौ करोड २५ लाख ५६ हजार रूपैयाँ मात्र फर्स्योट

( ३१ हजार लडाकुलाई मासिक ६५०० रूपैयाँ उपलब्ध गराउने निर्णय

( पैसा नलगेका लडाकुको ८० लाख रूपैयाँ सरकारी खातामा



# भारत भ्रमण सफल : प्रम देउवा



शेरबहादुर देउवा

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा पाँचदिने औपचारिक भारत भ्रमण पूरा गरेर स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै भारत भ्रमण सफल भएको बताएका छन् । ४८ सदस्यीय भ्रमण टोलीको नेतृत्व गर्दै देउवा गत बुधबार नयाँदिल्ली गएका थिए । दिल्लीमा उनले फेरि संविधान संशोधनको प्रयास गर्ने अभिव्यक्ति दिएपछि आलोचना खेप्नुपरेको थियो । यसबारे पत्रकारको जिज्ञासामा देउवाले भने, 'मैले देशमा भएको यथार्थ कुरा भनेको छु । कुनै नराम्रो कुरा बोलेको हैन ।' सत्ता साझेदार दलले समेत आलोचना गरिरहेको बेला उनकै पार्टी नेपाली कांग्रेसले भने उक्त अभिव्यक्तिमा 'रणनीतिक' महत्व रहेको दाबी गरेको छ । दुई देशबीच आपसी सम्बन्धमा विश्वास कायम गरी राष्ट्रहितमा प्रयोग गर्ने नै भ्रमणको मुख्य उद्देश्य रहेको भन्दै देउवाले त्यसमानेमा आफ्नो भ्रमण सफल भएको बताए । सरकारले अघिसारेको संविधान संशोधनको प्रस्ताव मधेशी जनताको भावनालाई समेट्ने प्रयासस्वरूप अघि बढाइएको र यही विषयलाई आफूले भारतमा उठाएको प्रधानमन्त्री देउवाले बताए । उनले भने, 'अरूले भनेजस्तो शिर निहुराएको हैन, मैले बरू नेपालको शिर ठाडो पारेको छु ।' भ्रमणका बेला विदेशमा के बोल्ने के नबोल्ने भन्ने कुराको आचार संहिता बन्नुपर्ने धारणा समेत उनले राखे ।

# पञ्चेश्वरको डीपीआर एक महिनाभित्र

काठमाडौं । भ्रमणका क्रममा बाढी तथा डुबानको समस्याको शीघ्र समाधान गर्न आफूले भारत सरकारसँग गम्भीरतापूर्वक कुरा राखेको भन्दै प्रधानमन्त्री देउवाले सिमा क्षेत्रमा हुने बाढी तथा डुबान समस्याको दीर्घकालीन समाधानको दिशामा विज्ञहरूको समूहले संयुक्त निरीक्षण गरी तत्काल उपयुक्त उपाय अपनाउने सहमति भएको जानकारी दिए । डुबानका विषयमा भारतको बिहार राज्यका मुख्यमन्त्रीसँग पनि कुरा राखेको उनको भनाई थियो । प्रधानमन्त्री देउवाले लामो समयदेखि अल्झिएर बसेको पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) एक महिनाभित्र टुङ्ग्याउने सहमति भएको पनि जानकारी दिए । उक्त आयोजनाबाट नेपालले पाउने लाभलाई सुनिश्चित गर्दै यो प्रक्रियालाई टुङ्गोमा पुर्‍याइने उनले बताए । प्रधानमन्त्री देउवाले धेरै वर्षदेखि कार्यान्वयनमा आउन नसकेको टनकपुर बाँध हेड रेगुलेटर एवं नेपाल सीमासम्म भारतले निर्माण गर्नुपर्ने लिङ्क नहरको डीपीआरलाई भारतीय पक्षबाट अन्तिम रूप दिइएको जानकारी प्राप्त भएको पनि बताए । देउवाले भारत भ्रमणको क्रममा राष्ट्रपति रामनाथ कोविन्द, समकक्षी नरेन्द्र मोदी, विदेशमन्त्री सुष्मा स्वराज लगायतसँग भेटवार्ता गरेका थिए । मोदीसँग भेटवार्ता भएपछि नेपाल र भारतबीच आठ बुँदे समझदारी पत्रमा हस्ताक्षर भएको छ । त्यसमध्ये चार बुँदा भूकम्पपछिको पुनर्निर्माणमा भारतले नेपाललाई दिने भनिएको सहयोगसँग सम्बन्धित छन् । एउटा सम्झौता ५० हजार घर पुनर्निर्माणसँग सम्बन्धित छ । भूकम्प प्रभावित क्षेत्रको शिक्षा र साँस्कृतिक सम्पदा पुनर्निर्माणबारे पनि समझदारी भएको छ । यसैगरी रक्सौल(परवानीपुर र कुशाहा(कटैया अन्तरदेशीय प्रसारण लाइनको पनि दुबै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गरेका छन् ।

## जिल्ला समाचार

### सीमा क्षेत्रमा संयुक्त गस्ती



नवलपरासी । नवलपरासीमा सीमा सुरक्षाको लागी नेपाल र भारतीय सुरक्षा कर्मीको संयुक्त गस्ती गरिएको छ । सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनी र सशस्त्र सीमा बल एस.एस.बी. झुलनीपुरले संयुक्त गस्ती गरेका थिए । सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीका शसस्त्र प्रहरी निरिक्षक तज बहादुर बुढाथोकीको नेतृवमा रहेको गस्ती टोली र शसस्त्र सिमा बल एस.एस.बी झुलनीपुरको शसस्त्र प्रहरी निरिक्षक अंकित अग्रवालको नेतृवमा रहेकोसंयुक्त गस्ती टोलीले सीमा स्तम्भ संख्या ५०० देखी स्तम्भ संख्या ४९७ सम्म संयुक्त गस्ती गरिएको शसस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीले जनाएको छ । गस्तीको क्रममा सिमाको किनारमा बस्दै आएका बासीन्दाहरूलाई सुरक्षाको दृष्टिकोणले समस्या बारे छलफल समेत गरिएको थियो । संयुक्त गस्ती टोलीमा नेपालसशस्त्र प्रहरी बाट ९ जना,सशस्त्र सिमा बल एस.एस.बी.बाट ८ जना र नेपाल प्रहरीबाट ५ जना सुरक्षा कर्मीको संयुक्त सहभागीता रहेको थियो ।

### राहतमा अनियमितता गरेको भन्दै प्रदर्शन

राकेश यादव, रौतहट । मानवको सेवाको नारा दिएर काम गर्दे आएको नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाले विपतमा परेका मानवसँग अमानवीय व्यावहार गरेको भन्दै बाढीपीडितहरूले जिल्ला प्रशासन कार्यालय अगाडी विरोध प्रदर्शन गरेका छन् । दैविक प्रकोप, युद्ध, महामारी, भूकम्प, बाढी लगायतका प्राकृतिक प्रकोपका बेलामा उद्धार, प्राथमिक उपचार, राहत दिने उद्देश्यले स्थापित नेपाल रेडक्रस सोसाइटी बाढीपीडितको राहतमा अनियमिता गरी अमानवीय कार्य गरेको पुस्टि भएको हो । स्थानीय दुर्गा भगवती गाउँपालिका वार्ड नम्बर २ पिपरा भलोहियाका स्थानीयहरू राहत वितरणमा अनियमितता गर्ने रेडक्रसको विरोधमा कार्यालय घेराउ गरी चर्को नारावाजी गरेका हुन् । पीडितहरूले रेडक्रसका कर्मचारीहरूले मुख हेरी हेरी राहत सामग्री बाडेको आरोप लगाएका छन् । स्थानीय भोला महतोले रेडक्रसले बाढीबाट प्रभावित नभएका व्यक्तिलाई मात्रै राहत वितरण गरेको दावी गरेका छन् ।

### नीति तथा कार्यक्रम सार्वजनिक

बाँके । कोहलपुर नगरपालिकाको नीति तथा कार्यक्रम सार्वजनिक भएको छ । नगरपालिकाको प्रथम नगरसभामा आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम सार्वजनिक गरिएको हो । नीति तथा कार्यक्रममा विपन्न दलित तथा सीमान्तकृत समुदायका लागि जनता आवास कार्यक्रम, कोहलपुरलाई क्लिन र हरित सिटी, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति लागू गर्ने, कोहलपुर नगर उज्यालो कार्यक्रमलगायतको कार्यक्रमलाई जोड दिइएको छ ।

### साढे चार लाख लुटपाट

कपिलवस्तु । लुटेराहरूले सोमबार मध्यरातमा कपिलवसतु नगरपालिका-६ गोबरी चौराहामा रहेको तिलौराकोट हार्डबेयरमा साढे चार लाख लुटपाट गरी फरार भएका छन् । मुखमा पट्टी बाँधेर आएका ५ जनाको संख्यामा रहेका लुटेराहरूले हार्डबेयर मालिक राजु तेलीलाई मरणासन्न हुने गरी कुटपिट गरी सो रकम लुटेर फरार भएको प्रहरीले जनाएको छ । राति १ बजेतिर पसलमा प्रबेश गरी तेलीलाई निर्घात कुटपीट गरी रकम लुटेर भागेका थिए । लुटेराहरू भागे पछि गाउमा होल्ला भएको थियो । घटना स्थल सशस्त्र प्रहरीको बीट देखि करिब २ सय मिटर भित्र रहेको छ । 'रकम दिन नमान्दा ज्यान नै मार्ने धम्की दिँदै निर्घात कुटपीट गरेपछि बाध्य भएर लुटेराहरूलाई रकम दिए' पीडित तेलीले भने । तेलीको टाउको शरीरको बिभिन्न भागको गहिरो चोट लागेको छ । उनको रूपन्देहीस्थित युनिभर्सल मेडिकलमा उपचार भइरहेको प्रहरीले जनाएको छ । हार्डबेयर पसलमा बिक्री भएको रकम उनले प्राय:जसो घरमै राख्ने गदर्थे । घटनामा संलग्न भएको आरोपमा २ जना शंकास्पद ब्यक्तिहरूलाई नियन्त्रणमा लिईएको प्रहरी नायब उपरिक्षक पह्लद अधिकारीले बताए । लुटेराहरूको खोजी भईरहेको उनले बताए ।

### वीरगन्ज महानगरमा घरदैलो कार्यक्रम

वीरगन्ज । संघीय समाजवादी फोरम नेपाल पर्साले सोमवार वीरगन्जको घडिअर्वा, रानीघाट र बजरंग टोलमा कार्यक्रम गरेको छ । अगामी असोज २ गते हुने स्थानीय निकायको चुनावका लागि पार्टीको पक्षमा प्रचारप्रसार गर्दै फोरम पर्साले विहान घरदैलो कार्यक्रम गरेको हो । घरदैलो कार्यक्रममा फोरम नेपालको तर्फका वीरगन्ज महानगपालिका मेयरका उम्मेदवार विजय सरावगी, जिल्ला अध्यक्ष प्रदीप यादव, जिल्ला उपाध्यक्ष तथा नगर इन्चार्ज सुन्दर कुर्मी, पूर्वमन्त्री तथा केन्द्रीय सदस्य करिमा बेगम, नगर समिति अध्यक्ष मुकेश द्विवेदी, वडा नम्बर १० का वडा अध्यक्ष उम्मेदवार शुशिल साह कानू, युवा नेता नासिर खान, लखन गुप्ता, विधार्थी नेता सुजित गिरी, निखिल बर्णवाल, रोहित बर्णवाल, टोल समितिका हिरा साह कानू, सत्रुधन प्रसाद गुप्ता, सोनालाल गुप्ता, जगदीश प्रसाद साह कानू, रामेश्वर ठाकुर लगायत नेता र अगुवाहरूको सहभागिता रहेको थियो ।

### "जनइच्छाअनुसार प्रहरीले काम गर्नु पर्दछ"

चन्द्रकान्त खनाल, रूपन्देही । प्रहरी नायव महानिरीक्षक सुदिप आचार्यले मुलुकका लागि दिगो शान्ति प्रमुख आवश्यकता रहेको वताए । मुलुक अब विकास तर्फ अगाडी बढीरहेको अवस्थामा दिगो शान्तिको आवश्यकता रहेको बताउदै एकल प्रयासले मात्रै नहुने बताएका हुदा सबै एक भएर लाग्नु पर्ने वताए । शान्ति कायम गर्न एकल प्रयासले हुदैन, प्रहरी संगठनका सबै लाग्नुपर्छ , उनले भने । प्रहरी जवान आधारभुत तालिम १०५ औं समुहको दीक्षान्त समारोहलाइलाई शुक्रवार बुटवलमा सम्बोधन गर्दै उनले संविधान, कानुन तथा मानवअधिकार सम्वन्धी ब्यवस्थाहरूलाई मार्गनिर्देशन ठानी जनइच्छा अनुसार प्रहरीले काम गर्नुपर्ने बताए । जनताप्रति उत्तरदायी रही छिटो, छरितो काम गर्न मातहतका प्रहरीलाई निर्देशन दिदै उनले अनुशासित र पारदर्शि भएर काम गनुपर्नेमा जोड पनि दिए ।

### पानी शुद्धिकरणको अभियान तीव्र

कैलाली । कैलालीको बाढी प्रभावित क्षेत्रमा पानी शुद्धिकरणको अभियानले तीव्रता पाएको छ । ब्याकवार्ड सोसाइटी एजुकेशन बेस कैलालीले जिल्लाका बाढी प्रभावित गाउँ तथा नगरमा खानेपानीको नमुना संकलन गरी परिक्षण तथा चापाकल शुद्धिकरण गरि रहेको हो । सरसफाइ र खानेपानीको क्षेत्रमा बेसले कैलाली जिल्ला खानेपानी सरसफाई डिभिजन कार्यालय धनगढीको समन्वय र वाटर एड नेपालको सहयोगमा लम्कीचुहा नगरपालिका, टीकापुर नगरपालिका र जोशीपुर गाउँपालिकामा काम गरी रहेको छ । केहि समय अगाडि जिल्लामा आएको बाढीका कारण खानेपानीमा देखिएको जिवाणुहरूलाई निराकरण गर्नका लागि बिभिन्न ठाउँबाट पानीको नमुना संकलन गरी शुद्धिकरण गर्ने काम भै रहेको ब्याकवार्ड सोसाइटी एजुकेशन बेस कैलालीका खानेपानी सरसाफाई तथा स्वच्छनता परियोजनाका कार्यक्रम संयोजक विनोद सिंहले बताए । बाढी पछि सबैभन्दा बढी लम्कीचुहा र नारायणपुरमा पानीमा दिशाको मात्रा (कोलिफम) देखिएको बताए । सो क्षेत्रमा खानेपानी दुषित देखिए पछि बिभिन्न ठाउमा जिल्ला खानेपानी सरसफाई डिभिजन कार्यालय धनगढीको समन्वय र वाटर एड नेपालको सहयोगमा शुद्धिकरण गर्ने काम भैरहेको ब्याकवार्ड सोसाइटी एजुकेशन बेस कैलालीका खानेपानी सरसफाई तथा स्वच्छनता परियोजनाका कार्यक्रम संयोजक विनोद बहादुर सिंहले बताए ।

### बाढी र डुबानका कारण करोडौंको क्षति

बाँके । यस वर्षको बाढी र डुबानका कारण कृषि र पशुमा करोडौंको क्षति भएको छ । जिल्ला कृषि विकास कार्यालय बाँके र पशु सेवा कार्यालय बाँकेका अनुसार बाढीका कारण खेतमा रोपेको बाली, घरमा रहेको खाद्यान्न नष्ट भएको छ भने पशुसमेत बगेर मरेका छन् । क्षति विवरण संकलन भइरहेकोले पूर्ण विवरण आइसकेको छैन । कृषि र पशुपालनको क्षेत्रमा भएको क्षतिको क्षतिपूर्तिका लागि पीडितहरूले सरकारसँग माग गरेका छन् ।

